“सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक”

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

द्वैमासिक

वर्ष ८ अंक १८, माघ-फागुन, २०७६ www.ncbl.coop January 15- March 13

# बैंकको आयोजनामा प्रदेश २ मा एकदिने गोष्ठी सम्पन्न

## “प्रदेश २ को समृद्धिका लागि सहकारीको अगुवाइ अनिवार्य छ : मन्त्री साह”

जनकपुर । प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्र साहले प्रदेशको समृद्धि र विकासका लागि सहकारीको अगुवाइ अनिवार्य रहेको बताउनुभएको छ । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा प्रदेश २ को समृद्धि र विकासमा सहकारी संघ/संस्था र राष्ट्रिय सहकारी बैंकको भूमिका विषयक एकदिने गोष्ठी उद्घाटनपछि उहाँले यस्तो बताउनुभएको हो । मन्त्री साहले गरिबी निवारणका लागि सहकारी माध्यम नै उपयुक्त र भरपर्दो विधि भएकाले प्रदेश सरकार सहकारी अभियानसँग सहकार्य गरेर अगाडि बढ्न तत्पर रहेको बताउनुभयो । बहुआयामिक गरिबीको हिसाबले प्रदेश २ कमजोर अवस्थामा रहेको भन्दै उहाँले प्रदेशको गरिबी न्यूनीकरणका लागि राज्य र सहकारी मिलेर प्रभावकारी रूपमा अगाडि बढ्न आवश्यक रहेको उहाँको भनाइ थियो । सहकारी-सरकारबीच समन्वयका लागि सहकारी क्षेत्रको गुणस्तर वृद्धिमा समेत राष्ट्रिय सहकारी बैंकलगायत अभियानसँग समन्वय गरेर अगाडि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।



बाँकि १९ पेजमा

## कावासोतीमा शाखा समन्वय उपसमितिमा नवलपुरका पदाधिकारीहरूको पदस्थापन



नवलपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड कावासोती शाखा समन्वय उपसमिति नवलपुरका पदाधिकारी तथा सदस्यहरूको पदस्थापन कार्यक्रम फागुन १३ गते सम्पन्न भएको छ । बैंकको सञ्चालक समितिले मनोनयन गरेका संयोजक, सल्लाहकार तथा सदस्यहरूलाई बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसीले पदस्थापन गराउनुभएको थियो । शाखामार्फत सदस्य संस्थाहरूसँगको सम्बन्ध प्रभावकारी बनाउन उपसमितिका संयोजक तथा सदस्यहरूलाई बैंकका सञ्चालक जिसीले आग्रह गर्नुभयो ।

बाँकि ९ पेजमा

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

सहकारिता

सल्लाहकार

के.बी. उप्रेती

लक्ष्मी प्रसाद उप्रेती

बद्री कुमार गुरागाईं

सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:

संयोजक

माधवलाल देवकोटा

सदस्यहरू

राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

सदस्य सचिव

नविन कुमार कार्की

प्रधान सम्पादक

राम बहादुर जि.सी.

सहयोगी

नविन पौडेल, मनोज श्रेष्ठ, बिबेक खड्का, सस्मित ढुंगाना

ठेगाना

राष्ट्रिय सहकारी बैंक लिमिटेड

कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर

फोन नं : ०१-५१८०१८२

फ्याक्स: +९७७-०१-५५५५६८७

E-mail: publication@ncbl.coop

ncbl@ncbl.coop

Website: www.ncbl.coop

# सम्पादकीय

## सहकारी क्षेत्रमा विद्युतीय भुक्तानीका लागि सहजता खोई ?

सहकारी संघ संस्थाहरुले सदस्यलाई प्रदान गर्दै आएको विद्युतीय कारोबार गर्ने सेवा जोखिमपूर्ण छ । संस्थाहरुले आवश्यक कानुनी र प्राविधिक सुरक्षाका प्रक्रिया पुरा गर्न सकिरहेका छैनन् । बचत तथा ऋणको कारोबार गर्ने सहकारीहरुले विभिन्न भुक्तानी सेवा प्रदायकसंगको सहकार्यमा मोबाइल बैंकिङ्ग लगायतका सेवा तथा कतिपय सहकारीहरुले एटिएम सेवा समेत प्रदान गर्दै आइरहेका छन् । यिनीहरुले पनि निमायक निकायबाट सेवा प्रदान गर्ने अनुमति पाउन सकेका छैनन् । यसैगरी प्राविधिक सहयोग गर्दै आएका बैंक तथा भुक्तानी सेवा प्रदायक संस्थाहरुले समेत सहकारीलाई तेस्रो पक्ष ग्राहक बनाएर सेवा दिने अनुमति राष्ट्र बैंकबाट पाउन सकेका छैनन् । सहकारीहरु विद्युतीय भुक्तानी गर्न आतुर छन्, प्राविधिक सहयोग गर्नेहरु पनि सहयोगका लागि तत्पर नै छन्, तर कानुनी अन्यौलताका कारण सहकारी क्षेत्रको कारोबारलाई पूर्ण विद्युतीय भुक्तानीमार्फत परिचालन गर्न नसक्ने अवस्था छ । सहकारीको वित्तीय सेवामा प्रविधिको प्रयोगलाई व्यवस्थित गराउनका लागि सहकारीलाई राष्ट्रिय भुक्तानी प्रणालीमा प्रवेश गराउन आवश्यक छ । त्यसका लागि आवश्यक नीतिगत व्यवस्था गर्नु पर्छ । नेपाल राष्ट्र बैंक र सहकारी विभागबीच समन्वय गरी सहकारी क्षेत्रमा गरिने कारोबारलाई विद्युतीय भुक्तानीको व्यवस्था गर्नु पर्छ । यसो गर्दा सहकारी क्षेत्रको कुल कारोबारको तथ्यांक सार्वजनिक हुने, सहकारीमार्फत परिचालन पूँजीमा गरिएको शंका निवारण गर्न सहयोग पुग्ने लगायत धेरै फाइदा हुन सक्छ । कानुनी र प्राविधिक समस्यालाई मध्य नजर गरी कानुन संशोधन गरेर यो प्रणालीमा जोड्न आवश्यक छ । सहकारीलाई भुक्तानी प्रणाली सेवा दिन कानुनी पूर्वाधार र जोखिम व्यवस्थापनबाट मुक्त गराउनका लागि सबै भन्दा पहिला सहकारीहरुको एक मात्र बैंक राष्ट्रिय सहकारी बैंकलाई क्लियरिङ हाउसमा जान स्वीकृति आवश्यक छ ।

सहकारी क्षेत्र देशको पूँजि परिचालनको अत्यन्तै महत्वपूर्ण क्षेत्रका रुपमा स्थापित भएको छ । सहकारीमार्फत जनतासंग भएको पूँजिको अधिकतम परिचालन भई थप पूँजि निर्माण गर्ने काम भैरहेको छ । सहकारीमार्फत परिचालित हुने पूँजिको व्यवस्थापनका लागि विद्युतीय भुक्तानीको व्यवस्था गर्ने काम राज्य र सहकारी क्षेत्रको अगुवाई गर्नेहरुले गर्न जरुरी छ ।

# बैंकका निवर्तमान अध्यक्ष पोखरेल सम्मानित




विराटनगर । राष्ट्रिय सहकारी बैंक लि का निवर्तमान अध्यक्ष एवं पदेन सदस्य रमेशप्रसाद पोखरेल सम्मानित हुनुभएको छ । उहाँलाई मोरङ जिल्लाको सहकारी अभियानका तर्फबाट जिल्ला सहकारी संघ लि मोरङले सम्मान गरेको हो ।

जिल्ला सहकारी संघ मोरङका प्रमुख सल्लाहकारसमेत रहनुभएका पोखरेललाई राष्ट्रिय सहकारी महासंघको २६औं वार्षिक साधारणसभाबाट महासंघको उपाध्यक्षमा निर्वाचित हुनुभएकोमा सम्मान गरिएको हो । जिल्ला सहकारी संघ लि मोरङको २०७६ पुस २८ गते विराटनगरमा आयोजित २६औं वार्षिक साधारणसभाका दिन उहाँलाई सम्मान गरिएको थियो । उहाँलाई कार्यक्रमका प्रमुख अतिथि पूर्वमन्त्री शिवकुमार मण्डल, बैंकका लेखा समिति संयोजक लक्ष्मीप्रसाद उप्रेतीलगायत विशिष्ट व्यक्तित्वबाट सामूहिक रूपमा सम्मान गरियो ।

## सदस्य परिचय

# साना किसान कृषि सहकारी संस्था लिमिटेड

**संस्थाको नाम : साना किसान कृषि सहकारी संस्था लिमिटेड**
**ठेगाना : डुमरबाना, जीतपुरसिमरा उमनपा १५, बारा, प्रदेश नं २**

**संस्थाको पृष्ठभूमि :**




नेपालको राजधानी काठमाण्डौबाट दक्षिण ७६ कि.मि. र नेपालको प्रमुख नाका विरगंजबाट २४ कि.मि.को दुरीमा प्रदेश नं. २ को राजधानी जनकपुरबाट १३० कि.मि.को दुरीमा रहेको फास्ट ट्र्याक र बारा अन्तराष्ट्रिय विमानस्थल निर्माण प्रस्तावित क्षेत्रसंग जोडिएको यो संस्थाको केन्द्रीय कार्यालय डुमरबाना वजारमा रहेको छ । तत्कालीन नमुना गाउँ विकास समितिको रुपमा रहेको यसै डुमरबानालाई आधारथलो बनाई २०५३ चैत्र ४ गते डिभिजन सहकारी कार्यालय बारामा दर्ता भई यो संस्थाको स्थापना भएको हो । यसको दर्ता नं. ४१–१८–५०५(०५३/०५४) र प्यान नं. ३०४८४२८१० रहेको छ । कृषि विकास बैंकको साना किसान विकास आयोजनाको रुपमा ग्रामिण किसानसम्म पुग्नको लागि स्थापित साना किसान विकास आयोजनालाई नेपालको सहकारी अभियानमा महत्वपूर्ण रुपमा लिइन्छ । यसै आयोजनाको रुपमा शुरु भएको अभियान सहकारीमा जोडिएपछि नेपालको सहकारी अभियान कृषि क्षेत्रमा फस्टाउने अवसरको रुपमा परिणत भएको छ । कृषि विकास बैंकको आयोजनाको रुपमा २०४५ देखि नै शुरु भएको वित्तीय कारोवारलाई यस २०५४ मा हस्तान्तरण गरेर सहकारीको रुपमा समुदायले जिम्मा लिएर वित्तीय तथा गैर्ह वित्तीय सेवा प्रदान गर्ने यस भेकको एक प्रमुख सामाजिक सहकारी संस्थाको रुपमा स्थापित भई निरन्तर सेवा प्रदान गर्दै आएको छ । संस्थाको कार्यक्रमको निरन्तरताको क्रममा बारा, पर्सा र रौतहट कार्यक्षेत्रको रुपमा लिई जीतपुरसिमरा उमनपा, निजगढ नगरपालिका, कोल्हवी नगरपालिका, फतुवा विजयपुर नगरपालिका लगायत केही गाउपालिकाहरुमा यस संस्थाले आफ्नो सेवा प्रदान गर्दै आएको छ । यसै क्रममा एक सहकारीसँग एकीकरण र एक नयाँ सहकारीको स्थापना गरी रिप्लीकेशन समेत गरेको छ ।

**परिकल्पना**

सदस्यहरुको गरिबी न्यूनीकरणको लागि कृषि तथा वित्तीय समाधानको पहिलो रोजाई ।

**ध्येय**

उचित एवं गुणस्तरीय कृषि तथा वित्तीय सेवाहरु प्रदान गरी सहकार्यद्धारा सदस्यहरुको आर्थिक र सामाजिक विकास, आयमा बृद्धि, गरिबी न्यूनीकरण र जीवनस्तरमा सुधार गरी समुदायमा शान्ति स्थापना गर्ने ।

**उद्देश्यहरु**

- सदस्यहरुमा संगठन, शिक्षा, प्रविधि, बचत र श्रोत परिचालन गरी स्वावलम्वी र आत्मनिर्भर वनाउने ।
- सदस्यहरुलाई उचित व्याजदरमा सुलभ, स्तरीय, प्रतिस्पर्धि वित्तिय सेवा दिने र आर्थिक अवसरहरु सिर्जना गर्ने ।
- आधुनिक एवं व्यवसायिक कृषि उत्पादन गर्ने गराउने ।
- उद्योगीकरण, प्रशोधन, बजारीकरण
- सहकार्यको माध्यमबाट सदस्यहरुको आर्थिक सुरक्षा प्रदान गरी आयमा बृद्धि जीवनस्तरमा सुधार गर्ने
- सदस्यहरुलाई शिक्षा, सूचना तथा विषयगत तालिम, वित्तीय परामर्श आदि प्रदान गरी व्यवसायिक र सामाजिक

क्षमता अभिबृद्धि गर्ने ।

- सामाजिक सेवाहरु प्रदान गरी समाजको विकासमा सहयोग पुऱ्याउने र गरिबी न्यूनीकरण गर्ने ।
- शान्त र सफल मानवीय जीवन विताउन अग्रसर बनाउने ।

**सदस्य संख्याः**

२०७६ पौष मसान्त सम्मको संस्थाको शेयर सदस्य, बाल बचतकर्ता, समूह, अन्तर समूहहरुको अवस्था निम्न अनुसार रहेको छ ।

| शेयर सदस्य संख्या | | |
|---|---|---|
| महिला | पुरुष | जम्मा |
| ८३९७ | ६५८ | ९०५५ |
| समुह संख्या | | |
| महिला | पुरुष | जम्मा |
| १५०५ | १२६ | १६३१ |
| अन्तर समूह संख्या | | |
| | | जम्मा |
| | | ९५ |



**कार्यक्षेत्रः**

साविक डुमरबाना गाउ विकास समितिको सम्पुर्ण वडाहरु कार्यक्षेत्र रहेको थियो भने संस्था एकीकरण र क्षेत्रविस्तार पछि बारा, पर्सा र रौतहट ३ तीन जिल्ला कार्यक्षेत्र रहेको छ भने बारा र रौतहटका विभिन्न स्थानमा हाल कार्यरत रहेको छ भने पर्सामा सेवा विस्तार गर्न बाँकि रहेको छ ।

# नवनियुक्त सचिव न्यौपानेलाई बधाई ज्ञापन



काठमाडौं । नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका नवनियुक्त सचिव केदार न्यौपानेलाई बैंक द्वारा बधाई ज्ञापन गरिएको छ । बैंकका अध्यक्ष के.वी. उप्रेती, सञ्चालक समितिका पदाधिकारीसहित बैंकको उच्च व्यवस्थापनको समूहले राष्ट्रिय सहकारी बैंक लिमिटेड परिवारको तर्फबाट नवनियुक्त सचिव न्यौपानेलाई उहाँको कार्यकक्षमै पुगेर बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरिएको हो । उक्त अवसरमा नवनियुक्त सचिव न्यौपानेले राष्ट्रको समष्टीगत अर्थतन्त्रमा सहकारी क्षेत्रले गरेको योगदानको मापन हुनुपर्नेमा जोड दिँदै, सहकारी र गरिबी निवारण क्षेत्रमा आफूले सक्दो कार्य गर्ने तथा बैंकलाई आवश्यक सहयोग गर्नेसमेत प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

# सहकारी : महिला सहभागिता र सशक्तिकरणको धारिलो अस्त्र

*"परापूर्वकालदेखि नै महिलाप्रति हेर्ने र गर्ने व्यवहार पूर्ण विभेदकारी थियो । नेपालको राजनीतिक संस्कारले पनि सो कुरालाई चिर्न सकेको थिएन । एकप्रकारले भन्नुपर्दा चिर्ने प्रयत्न र कोसिस पनि गरिएन । "*

डिल्ली पोखरेल
अध्यक्ष
जिल्ला सहकारी संघ लि. मोरङ



पार्वता बराल, गाउँमा कुनै परिचित नाम थिएन एक समय । तर, हिजोआज उनलाई सबैले चिन्छन् । उनी बस्ने नगरपालिकाका १० शक्तिशाली व्यक्तिमध्ये उनी पनि एक रहेको एक अध्ययनले सार्वजनिक गरेको छ । एक संस्थाले गरेको सर्वेक्षणमा बेलबारी नगरपालिकाका १० शक्तिशाली व्यक्तित्वमध्ये उनको नाम पनि समावेश छ । आफ्नो जीवनको उर्वर समय त्यही माटोमा बिताएकी उनलाई अरू कसैले यसरी चिनाएको होइन । ०५८ सालमा नारी विकास संघबाट प्रवर्धित भएर स्थापना भएको दीपज्योति नारी विकास बचत तथा ऋण सहकारी संस्था लि. ले उनलाई समाजमा स्थापित गराएको हो । ३० जनाबाट सुरु गरिएको सो संस्थामा २ हजार ४ सय ९७ महिला दिदीबहिनी सदस्य छन् । उनले त्यस संस्थाको नेतृत्व सम्हालेकी छन् । हजारौं महिला दिदीबहिनीका समस्यामा भरपर्दो सहयोगीका रूपमा उनी र उनले नेतृत्व गरेको संस्था आज स्थापित छ । संस्थाकै कारण उनी आज सहकारी अभियानको जिल्ला तहको कुशल नेत्रीका रूपमा स्थापित छिन् ।

पार्वता त एउटा सामान्य पात्र मात्र हुन् । नेपाली समाजमा उनीजस्ता हजारौं महिलाले आज विभिन्न क्षेत्रमा नेतृत्व सम्हालिरहेका छन् । २५ वर्ष अघिसम्म मुलुकको राजनीतिक, सामाजिक, आर्थिकलगायत क्षेत्रमा महिलाको उपस्थिति अत्यन्तै न्यून थियो । अझ निर्णायक र नेतृत्व तहमा त झनै महिला सहभागिता नगन्य नै थियो । महिलालाई सामान्य घरेलु कामदार र नाम मात्रको अर्धांगिनीका रूपमा हेरिन्थ्यो र सोहीअनुरूप व्यवहार गरिन्थ्यो । परापूर्वकालदेखि नै महिलाप्रति हेर्ने र गर्ने व्यवहार पूर्ण विभेदकारी थियो । नेपालको राजनीतिक संस्कारले पनि सो कुरालाई चिर्न सकेको थिएन । एकप्रकारले भन्नुपर्दा चिर्ने प्रयत्न र कोसिस पनि गरिएन । २००७ सालको राजनीतिक परिवर्तनपछि महिलाप्रति समाज केही उद्धार देखिए पनि व्यावहारिक बन्न सकेन ।

राजनीतिक दस्ताबेजमा प्रत्यक्ष विभेदकारी नियम खासै बनेन । तर, त्यसको कार्यान्वयन सहज बनेन र बनाइएन पनि । यो क्रम २०४७ सालको राजनीतिक परिवर्तनको अवधिसम्म कायमै रहन गयो । महिला जनचेतना, शिक्षा र जागरणमा कुनै परिणाममुखी पहल भएन र हुन दिइएन । तर, आज समय फेरिएको छ । महिलाको सहभागिता, पहुँच र जागरणमा व्यापक परिवर्तन आएको छ । महिलाको नेतृत्व हरेक क्षेत्रमा ह्वात्तै बढेको छ । सक्षम महिला उत्पादन भएका छन् । गाउँ-गाउँमा सहजै नेतृत्व गर्न सक्ने महिला पर्याप्त पाउन थालिएको छ । व्यवस्थापकीय कुशलता र अब्बल शक्तिका रूपमा ठूलो संख्यामा महिलाले आफूलाई स्थापित गरेका छन् । समाजमा देखिएको महिला सशक्तिकरणको यो रूपको विकास गर्ने कारखाना आज सहकारी बनेको छ । वर्तमान तथ्य र इतिहासले त्यही कुरालाई प्रमाणित गरेको छ । नेपालको कुल जनसंख्या २ करोड ६४ लाख ४ हजार ५ सयमध्ये १ करोड ३६ लाख ४५ हजार ४ सय अर्थात् झन्डै ५१ प्रतिशत महिला छन् ।

नेपाली समाजमा पुरुषको तुलनामा महिलाको साक्षरतादर झन्डै २० प्रतिशतले कमी छ । उच्च शिक्षामा महिलाको पहुँच अत्यन्त न्यून छ । सम्पत्तिमाथि उनीहरूको स्वामित्व एक तिहाइ पनि छैन । निजामती सेवामा महिला सहभागिता २५ प्रतिशत हाराहारीमा छ । निजामती क्षेत्रको उच्च पदमा महिलाको संख्या ५ प्रतिशतभन्दा पनि कम छ । महिलालाई कमसल र सामान्य काममा मात्र लगाउने संस्कार व्यापक छ ।

यसको ज्वलन्त उदाहरण प्रहरी र सेनामा महिलाको सहभागितालाई लिँदा पर्याप्त हुन्छ । नेपाल प्रहरीका झन्डै १ लाख प्रहरीमा महिलाको सहभागिता ९ प्रतिशतभन्दा पनि कम छ । नेपाली सेनामा त यो संख्या नाम मात्रको अर्थात् ५ प्रतिशतभन्दा पनि तल छ । त्यसमा पनि यी दुवै संगठनको उच्च नेतृत्वमा महिला स हभागिता छँदै छैन ।

नेपालको संविधान २०७२ ले लैंगिक समानताका सवालमा केही नीतिगत व्यवस्था गरेको पाइन्छ । कतिपय क्षेत्रमा अनिवार्य गरिएको यो व्यवस्थाले महिला सहभागिताको संख्यामा पछिल्लो समय केही वृद्धि भएको देखिन्छ । तर, यो वृद्धि कानुन पालनाका निमित्त मात्र छ कि व्यावहारिक प्रयोगमा पनि छ ? भन्ने कुरा मूल्यांकन गर्न आवश्यक छ । उदाहरणका लागि पालिकाका प्रमुख र उपप्रमुखमध्ये एक जना महिला अनिवार्य हुनुपर्ने संबैधानिक बाध्यात्मक व्यवस्थाका कारण महिलाको राजनीतिक पहुँचमा संख्यागत हिसाबले वृद्धि भएको त छ तर कार्यकारी पद (प्रमुख) मा कति प्रतिशत महिलाको संख्या रह्यो ? स्वमूल्यांकन गर्नु आवश्यक छ । यति हुँदाहुँदै पनि पछिल्लो संविधान लैंगिक समानताको पक्षमा उदार छ भन्दा अत्युक्ति हुँदैन । यही संवैधानिक बाध्यात्मक कारणले गर्दा अहिले संघीय संसद्मा महिलाको सहभागिता ३३ प्रतिशत छ । त्यसैगरी, स्थानीय तहमा २७ प्रतिशत महिला निर्वाचित भएका छन् भने वर्तमान मन्त्रिपरिषद्मा १९ प्रतिशत महिला पुगेका छन् ।

नेपालमा ०४९ सालमा विश्व सहकारीको मूल्य, मान्यता र सिद्धान्तअनुरूप सहकारी ऐन २०४८ जारी भयो । यो ऐन आइसकेपछि मुलुकको सहकारी अभियान व्यापक रूपले विकास र विस्तार हुन पुग्यो । सहकारी ऐन २०४८ आएको २६ वर्षपछि नयाँ सहकारी ऐन २०७४ सहकारी क्षेत्रलाई अझ व्यवस्थित र वैज्ञानिक बनाउने उद्देश्यसाथ आएको छ । यस अवधिमा सहकारी संघसंस्थाको संख्या, त्यसमा आबद्ध भएका सदस्यहरूको संख्या, त्यसले ओगटेको क्षेत्र, गर्ने कारोबार र पहुँच अकल्पनीय रूपले झाँगिएको पाइन्छ । प्राप्त पछिल्लो तथ्यांकअनुसार अहिले मुलुकभर विभिन्न प्रकृतिका ३४ हजार ७ सय ३७ वटा प्रारम्भिक सहकारी संस्था, ७० वटा जिल्ला सहकारी संघ, २ सय ५३ विषयगत जिल्ला सहकारी संघ, २० वटा विषयगत केन्द्रीय सहकारी संघ, १ राष्ट्रिय सहकारी बैंक लि. र १ राष्ट्रिय सहकारी महासंघसमेत गरी ३५ हजार ८२ सहकारी संघसंस्था दर्ता छन् । यी संघसंस्थामा ६५ लाख १२ हजार ३ सय ४० जना सदस्य आबद्ध छन् । जसमा महिलाको सहभागिता ५२ प्रतिशतभन्दा बढी छ । सहकारीमा सबै जातजाति, धर्म, सम्प्रदाय र वर्गका मानिसको समान सहभागिता छ । यी सबै समूहका मानिसलाई आबद्ध गर्न सहकारी अभियान सफल भएको छ । मुलुकका ७७ वटै जिल्ला र सबै पालिकामा फैलिएको सहकारी सञ्जालले यति धेरै महिलालाई समेटी मुलुक विकासको मूलधारमा उनीहरूलाई उतार्न सफल भएको छ ।

सदस्य आबद्धताको पाटोमा मात्र होइन, नेतृत्व विकासको क्षेत्रमा पनि लामो समयदेखि सहकारीले महिलालाई प्रोत्साहित र स्थापित गर्दै आएको छ । सहकारी संस्थामा रहेका २ लाख ४७ हजार ८ सय २७ सञ्चालक सदस्यमध्ये झन्डै १ लाख अर्थात् ४० प्रतिशत महिला नेतृत्वमा छन् । नेपालको संविधान २०७२ ले गरेको अनिवार्य ३३ प्रतिशतको आरक्षण व्यवस्थाभन्दा अगाडि नै सहकारी क्षेत्रमा स्वतःस्फूर्त महिलाको नेतृत्व ४० प्रतिशत हाराहारीमा पुगेको थियो । ४ हजार ७२ वटा प्रारम्भिक सहकारी संस्था त महिला सहकारी संस्था मात्र छन् । तिनीहरूमा लाखौं संख्यामा महिला सदस्य छन् भने सबै सञ्चालक र पदाधिकारी महिला मात्र छन् । हिजो चुलो-चौकामा रुमल्लिएका महिलालाई आज सार्वजनिक स्थलमा उतारी समाज विकासको एउटा महत्वपूर्ण अंगका रूपमा उनीहरूलाई सहकारीले स्थापित गरेका छन् । एउटा सामान्य अति सामान्य आवश्यकता पूर्तिका लागि परिवारसँग आश्रित हुने लाखौं महिला आज सहकारीका माध्यमबाट आत्मनिर्भर बन्न पुगेका छन् । आर्थिक रूपमा अक्षम र बोझ ठानिएका हजारौं दिदीबहिनी आज सहकारीकै माध्यमबाट घरपरिवारको भरपर्दो आधार बनेका छन् । सहकारीको नेतृत्व गरिरहेका हजारौं व्यक्ति स्थानीय तहको जिम्मेवारीमा निर्वाचित भई सफलतापूर्वक नेतृत्व सम्हालिरहेका छन् । एउटा सर्वेक्षणले स्थानीय तहको जिम्मेवारीका ६५ प्रतिशतभन्दा बढी जनप्रतिनिधि निर्वाचनअघि सहकारीका कुनै न कुनै जिम्मेवारीमा रहेकाहरू विजयी भएको देखाएको छ ।

संघीय संसद् र प्रदेश संसद्मा पनि सहकारीको नेतृत्वमा रहेका धेरै व्यक्ति निर्वाचित छन् । अझ महिलाको संख्या उल्लेखनीय छ । नेपालको सहकारी अभियानले जन्माएका कतिपय महिला सहकारीकर्मीहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत स्थापित छन् । **ओम देवी मल्ल** यिनै मध्येकी उदाहरणीय पात्र हुन् । उनी अन्तर्राष्ट्रिय सहकारी महासंघ ( **ICA**) को ग्लोबल बोर्ड सदस्यको रूपमा निर्वाचित भएकी छन् । नेपालको सहकारी अभियानको शीर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघको महाप्रबन्धकजस्तो कार्यकारी जिम्मेवारी अर्की सहकारीकर्मी चित्राकुमारी थाम्सुहाङ सुब्बाले उठाइरहेकी छन् । प्रभा कोइराला, सावित्री रेग्मी, वसन्ती यादवजस्ता दर्जनौं सहकारीकर्मी महिला राजनीतिक क्षेत्रबाट माननीय बनेका छन् । यी त देखिएका केही नमुना पात्र मात्र हुन् । यस्ता थुप्रै महिलालाई आफ्नो जीवनको सफलता र उचाइ प्राप्त गर्न सहकारी कुशल माध्यम बनेको छ । **कुनै बाध्यात्मक व्यवस्थाबिनै महिलाको सहकारीप्रतिको आकर्षण र सहकारीले उनीहरूको समग्र विकासमा खेलेको भूमिका सर्वत्र प्रशंसनीय छ । साँच्चै भन्नुपर्दा सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिकलगायत समग्र परिवर्तनका लागि सहकारी यो मुलुकको एउटा गतिलो हतियार सावित भएको छ । किनभने जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलालाई सशक्त परिवर्तनका लागि धारिलो बनाउने एउटा कुशल अस्त्र सहकारी बनेको छ ।**

नेपालमा सहकारी क्षेत्रको प्रभाव, विस्तार र सफलताका लागि महिलाको पनि उत्तिकै योगदान छ । किनभने पारदर्शिता, लगनशीलता, अनुशासन र जिम्मेवारीबोध महिलाका पर्यावाची शब्द हुन् । उनीहरू आफ्नो पेसा र दायित्वप्रति पूर्ण इमान्दार हुन्छन् । यसको उदाहरण महिलाद्वारा सञ्चालित र उनीहरूले नेतृत्व गरेका संस्थामा कुनै किसिमको अपचलनको समस्या नआउनु हो । अर्थात् आजसम्म कुनै पनि महिला सहकारी संस्था समस्याग्रस्त बनेका छैनन् ।

आर्थिक, सामाजिक परिसूचकका आधारमा नेपाल अतिकम विकसित मुलुक हो । आर्थिक रूपमा हामी अत्यन्त पछाडि छौं । नेपालमा अझसम्म पनि २८ प्रतिशत नेपालीमा बहुआयामिक गरिबी छ । यसको अर्थ हाम्रो देश आर्थिक रूपले मात्र होइन, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइलगायत अन्य जीवनस्तरमापनका हिसाबले पनि गरिब छ । सन् २०२२ सम्म अति कम विकसित राष्ट्रबाट माथि उठेर विकासशील बन्ने हाम्रो लक्ष्य हो । त्यसैगरी, सन् २०३० सम्म विकासको मध्यमस्तरको मुलुकसमान बन्ने र क्रमशः समृद्ध नेपालका रूपमा मुलुकलाई स्थापित गर्ने राष्ट्रिय संकल्प छ । यसका लागि हामीले बहुआयामिक गरिबीलाई ५ प्रतिशतमा झार्नु छ । प्रतिव्यक्ति आम्दानी बढाएर २ हजार ५ सय अमेरिकी डलर बनाउनु छ अर्थात् अहिलेको आम्दानीलाई दोब्बरभन्दा पनि बढीले वृद्धि गर्नु छ । त्यसैगरी, समाजको तल्लो तहको उपभोग प्रवृत्तिलाई वर्तमान ७६ प्रतिशतबाट घटाएर १२ प्रतिशतमा झार्नु छ । सामाजिक सुरक्षा खर्चलाई १५ प्रतिशत बनाउनु छ । प्रतिव्यक्ति खाद्यान्न उत्पादन बढाएर ६६ प्रतिशत पुऱ्याउनु छ । साक्षरताको दरमा वृद्धि गर्ने, बालमृत्युदर घटाउने, कुपोषणमुक्त बन्ने, खाद्य सुरक्षाको प्रत्याभूत गर्नेजस्ता थुप्रै जिम्मेवारी आज हाम्रो काँधमा छ । राजनीतिक नेतृत्वको मात्र मुख ताकेर माथिका यी लक्ष्य पूरा हुने छाँटकाँट देखिँदैन । समाजका सबै व्यक्ति र निकाय उत्तिकै जिम्मेवारीपूर्ण रूपले प्रस्तुत हुनुपर्छ । यस्तो परिवेशमा सहकारी क्षेत्र पछाडि पर्ने प्रश्नै आउँदैन । त्यसैले सहकारी क्षेत्र स्वयं जिम्मेवारीपूर्ण रूपले प्रस्तुत हुनुपर्छ । यी सबै समस्या समाधानका लागि के महिला, के पुरुष समान रूपले अगाडि बढ्नु जरुरी छ । अझ महिलालाई बढी अवसर प्रदान गरेर हातमा हात काँधमा काँध मिलाई अगाडि बढाउनुपर्छ । यसो भयो भने मात्र संसारबाट गरिबी, भोकमरीलगायत समस्या समाधान गर्न सकिन्छ भन्ने संयुक्त राष्ट्रसंघको धारणा देखिन्छ । त्यसैले संयुक्त राष्ट्रसंघले निर्धारण गरेका दिगो विकास प्राप्तिका १७ वटा लक्ष्यमध्ये लैंगिक समानतालाई पनि एउटा महत्वपूर्ण लक्ष्यका रूपमा किटान गरेको पाइन्छ ।

यसले महिला-पुरुषबीचको असमानता न्यूनीकरण गर्ने र आम्दानीमा देखिएको असमानता हटाउने उद्देश्य लिएको छ । एउटै कामका लागि महिला-पुरुषबीचको ज्यालामा हुने असमानताको अन्त्य, शिक्षा स्वास्थ्यमा महिलालाई समान अवसर, राजनीतिक पहुँच र नेतृत्वमा महिलाको उल्लेख्य सहभागिता गराउने लक्ष्य लिएको छ ।

विश्वभर सम्पत्तिमाथि महिलाको अत्यन्तै कम पहुँच छ। नेपालमै पनि यो दर न्यून छ। धेरै महिला घरेलु हिंसावाट पिडित छन्। अधिकांस महिला घरेलु कामदारका रूपमा आफ्नो दिनचार्य गुजारिरहेका छन्। आर्थिक तथा राजनीतिक निर्णय प्रक्रियामा उनीहरूको अर्थपूर्ण उपस्थिति छैन। यी यावत् समस्या अन्त्य नभई दिगो विकास लक्ष्य प्राप्त हुन सक्दैन। यसका लागि राजनीतिक प्रतिबद्धता र प्रयास मात्र पर्याप्त हुन्न। त्यसैले सहकारी क्षेत्रको सकारात्मक हस्तक्षेप र संलग्नता आवश्यक छ। विश्व जनमानसले यसको अपेक्षा गरेको छ। किनभने विश्वव्यापी रूपमा सहकारीको ठूलो र सशक्त नेटवर्क छ। विश्वका हरेक देशमा कुनै न कुनै रूपमा सहकारी अभियान सञ्चालित छन्। के विकसित, के अल्पविकसित अनि के अविकसित सबै देशमा सहकारीका सदस्यहरू छन्। पछिल्लो तथ्यांकअनुसार अहिले विश्वभर करिब १ अर्ब ४० करोड मानिस सहकारीका सदस्य छन्। ३० लाखभन्दा बढी प्रारम्भिक सहकारी संस्था छन्। बहुराष्ट्रिय कम्पनीहरूले प्रदान गरेको भन्दा बढी मानिसलाई सहकारी क्षेत्रले रोजगारी दिएको छ। संयुक्त राष्ट्रसंघपछिको सबैभन्दा ठूलो संगठनका रूपमा सहकारी संगठन स्थापित छ। विश्वको यति ठूलो संगठनमा पनि महिलाको नेतृत्व हुँदै आएको देखिन्छ। बेलायतकी **Dame Pouline** र क्यानाडाकी **Monique F. Leroux** ले अन्तर्राष्ट्रिय सहकारी महासंघ ICA को अध्यक्ष भएर सफल नेतृत्व सम्हालिसकेका छन्। विश्वका थुप्रै देशको सहकारी अभियानको नेतृत्वमा अहिले पनि धेरै महिला छन्। उनीहरूको सक्रियता र संलग्नताले विश्वले झेलिरहेका विविध समस्या अन्त्य हुने विश्वास लिन सकिन्छ। अर्थात् सहकारी अभियानको सहयोगबाट मात्र दिगो विकास लक्ष्य प्राप्त हुन सक्छ, अन्यथा यो सम्भव देखिँदैन।

नेपालको सहकारी अभियानका आफ्नै समस्या र बाध्यता छन्। त्यसैगरी सहकारी क्षेत्रमा सक्रिय महिला सहकारीकर्मीका आफ्नै कथा-व्यथा छन्। तैपनि, एउटा सकारात्मक पक्ष के छ भने राज्यले सिंगो सहकारी क्षेत्रको विकास र प्रवर्द्धनका लागि पछिल्लो समय केही नीतिगत प्रयास गर्दै आएको छ। सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ जारी हुनु, छुट्टै सहकारी मन्त्रालयको व्यवस्था हुनु, संविधानमै सहकारीसम्बन्धी स्पष्ट धारणा लिपिबद्ध हुनु, राज्यका हरेक निकायमा सहकारीको संलग्नता र सहभागितामा वृद्धि गर्दै लानु सकारात्मक कुरा हुन्। त्यसमा पनि महिलाका लागि नीतिगत तवरमै अनिवार्य सहभागिता र प्रतिनिधित्वको व्यवस्था हुनुले यस क्षेत्रलाई ठूलो बल पुगेको छ। जसकारण महिला, गरिब, सीमान्तकृत वर्ग र श्रमिकको जीवनस्तर माथि उठाउनका लागि सहज वातावरण बनेको छ। महिलाको व्यक्तित्व र नेतृत्व विकासको अवसरमा वृद्धि भएको छ भने महिला संशक्तिकरण क्षेत्रमा अकल्पनीय सुधार आएको छ। सहकारीमा महिलाको उल्लेखनीय सहभागिताले युगौंदेखि समाजमा गडिएर रहेको सामाजिक विभेदको लगभग अन्त्य भएको छ। सामाजिक परिवेशका कारण घुम्टोभित्र थुनिएर रहेका महिला दिदीबहिनीहरू व्यावसायिक बनेर आयआर्जनको एउटा गतिलो स्रोतका रूपमा स्थापित भएका छन्। स्थानीय स्रोत-साधनमाथि उनीहरूको पहुँच बढेको छ भने अनेकन प्रकारका मानसिक, शारीरिक तथा अन्य घरेलु हिंसाबाट महिला मुक्त भएका छन्। सहकारीकै कारण आज महिला आफूलाई घरायसी बोझका रूपमा नभई आम्दानीको स्रोतका रूपमा स्थापित बनाउन सफल भएका छन्। नेपाली कला र संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नेदेखि जातीय तथा भाषिक सामञ्जस्यताका लागि पनि सहकारी संस्था र तिनमा आबद्ध महिला कुशल माध्यम बनेका छन्।

यत्तिका धेरै सफलता र सकारात्मक पक्ष रहे पनि सिंगो सहकारी अभियान र त्यसमा आबद्ध महिलाको थप विकास र प्रवर्द्धनका लागि केही थप प्रयास अझ आवश्यक देखिन्छ। अन्तर्राष्ट्रिय स्तरमा पनि महिलालाई संशक्त बनाउने प्रयत्न भएका छन्। विश्व ऋण परिषद्ले Global Womenems Leadership Network Sister Society Local Chapter का माध्यमबाट महिला सशक्तिकरणका थुप्रै कार्यक्रम सञ्चालन गरिरहेको छ। अन्तर्राष्ट्रिय सहकारी महासंघले महिला सशक्तिकरण र समावेशीताका लागि छुट्टै शाखा खडा गरेको छ। हामीले पनि अन्तर्राष्ट्रियस्तरका यस्ता संगठनसँग हातेमालो गर्दै नेपाली सहकारीकर्मीहरूको वृत्तिविकासका लागि अगाडि बढ्नुपर्छ।

महिलाको सीप र प्रविधिमाथिको पहुँचमा वृद्धि गर्नुपर्छ । हरेक सहकारी संघसंस्थामा महिला उपसमिति गठन गर्नुपर्छ, महिला केन्द्रित कार्यक्रमलाई वार्षिक योजनामा अनिवार्य रूपले राख्न निर्देशन दिनुपर्छ । यसका लागि स्थानीय पालिकाहरूले प्रोत्साहन गर्नुपर्छ । महिलाद्वारा सञ्चालित सहकारी संस्थालाई विभिन्न किसिमका छुट र अनुदानको व्यवस्था गर्नुपर्छ । सफल र अनुकरणीय संस्था र व्यक्तिलाई प्रोत्साहनस्वरूप पुरस्कारको व्यवस्था मिलाउनुपर्छ । योजना तर्जुमा, कार्यान्वयन र निर्णय प्रक्रियामा महिला सहभागिता अनिवार्य गर्नुपर्छ । महिलाको नेतृत्व विकासका लागि आवश्यक विभिन्न तालिम, प्रशिक्षण, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम बाक्लो रूपले सञ्चालन गर्नुपर्छ ।

नेपालको सहकारी अभियान लैंगिक समानतामैत्री अभियान हो भन्ने कुरा तथ्यांक र व्यवहारले प्रमाणित गरेको छ । **'समृद्ध नेपाल र सुखी नेपाली'** को राष्ट्रिय संकल्प पूरा गर्न सहकारी अभियान एउटा भरपर्दो माध्यम हुने कुरामा अब कुनै विवाद छैन । राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय पहुँच र नेतृत्व समेतमा नेपालको सहकारी क्षेत्र सफल रूपले स्थापित छ । ग्रामीण समुदाय र सीमान्तकृत वर्गसम्म यसको पहुँच विस्तार भएका कारण देश विकासको मूल प्रवाहमा सबैलाई लगाउन सहकारी मात्र एउटा असल अस्त्र हो । यस अभियानले समेटेको महिला सशक्तिकरणलगायत सुन्दर पक्षलाई राज्यले उचित संरक्षण र सम्बोधन गर्न सक्नुपर्छ । यसका लागि सहकारी अभियान र राज्य सँगसँगै एकाकार भएर अगाडि बढ्नु जरुरी छ ।

## *कावासोतीमा शाखा समन्वय........*

पदस्थापन कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमाकुमारी जिसी (अञ्जु) ले सहकारी संस्थाहरूलाई वित्तीय सक्षम बनाउन तथा संस्थागत रूपमा अगाडि बढाउन बैंकको शाखा समन्वय उपसमितिका पदाधिकारी तथा सदस्यहरूलाई सहयोगी भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो । राष्ट्रिय सहकारी बैंकको सञ्चालक समितिले कावासोती शाखा समन्वय उपसमितिको संयोजकमा किसान बचत तथा ऋण सहकारी संस्था गैंडाकोटका तिलक पराजुलीलाई चयन गरेको छ । यस्तै उपसमितिका सदस्यहरूमा जिल्ला बचत तथा ऋण सहकारी संघका सचिव होमनाथ जैसी, सिर्जनशील बचत तथा ऋण सहकारी संस्थाका छविलाल अर्याल, नवप्रतिभा बचत तथा ऋण सहकारीका रामप्रसाद काफ्ले, कालीगण्डकी बचत तथा ऋण सहकारीका सीतादेवी पंगेनी सिग्देल, अमर बहुउद्देश्यीय सहकारी संस्थाका श्यामसुन्दर लामिछानेलाई मनोनयन गरेको छ । यस्तै, उपसमितिका सदस्यहरूमा नवत्रिवेणी बचत तथा ऋण सहकारी संस्थाका नारायणप्रसाद पौडेल, कावासोती बहुउद्देश्यीय सहकारी संस्थाका कृष्णकुमार सिग्देल, गैंडाकोट स्वाभिमान बहुउद्देश्यीय सहकारी संस्थाका पोषणराज सुवेदी तथा सदस्य सचिवमा शाखा प्रमुख अरुणा अधिकारी रहनुभएको छ । उपशाखा समन्वय उपसमितिको सल्लाहकारमा जिल्ला सहकारी संघ नवलपुरका अध्यक्ष केशवप्रसाद सापकोटा र जिल्ला बचत तथा ऋण सहकारी संघ नवलपुरका अध्यक्ष माधवप्रसाद गौतम रहनुभएको छ । यसैबीच, शाखा समन्वय उपसमितिको पहिलो बैठक मंगलबार नै सम्पन्न भएको छ । बैठकले बैंकमा सदस्य वृद्धि, कारोवार वृद्धिका लागि सदस्य संस्थाहरूसँग भेटघाट गर्ने निर्णय गरेको छ । सदस्य संस्थाहरूमा पुगेर उनीहरूको आवश्यकता पहिचान गरी सहकारी व्यवसायलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने तालिम सञ्चालन गर्ने निर्णय गरिएको संयोजक पराजुलीले जानकारी दिनुभयो । नवलपुर जिल्लाका सबै सहकारीलाई बैंकमा आबद्ध बनाउनका लागि अभियानसँग समन्वय गरेर अगाडि बढ्ने शाखाले जनाएको छ । राष्ट्रिय सहकारी बैंकको कावासोती शाखामा १ सय १५ सदस्य संस्था, १ करोड सेयर पुँजी, निक्षेप २९ करोड र कर्जा लगानी १६ करोड रहेको शाखा प्रमुख अरुणा अधिकारीले जानकारी दिनुभयो ।

# चमेरो बचत तथा ऋण सहकारी संस्थालाई सम्मान

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको सदस्य चमेरो बचत तथा ऋण सहकारी संस्था लिमिटेड सूर्यविनायक, भक्तपुरलाई बैंकको केन्द्रीय कार्यालय ललितपुरमा एक कार्यक्रमबीच बैंकको थप सेयर खरिद गरेकोमा सम्मान गरिएको छ । उक्त संस्थाले बैंकको सेयर रकम एक करोड एक लाख १० हजार पुऱ्याएको छ । सो अवसरमा बैंकका अध्यक्ष केबी उप्रेतीले संस्थाका अध्यक्ष भीमसेन श्रेष्ठ, उपाध्यक्ष ध्रुव गजुरेल, सचिव उद्धव बास्कोटा र कर्मचारी विशाल अधिकारीलाई सेयर प्रमाणपत्र प्रदान गर्दै सम्मानित गर्नुभएको थियो । साथै, बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंसहित विभागीय प्रमुखहरूले कार्यक्रममा उपस्थित संस्थाका पदाधिकारीलाई बधाई ज्ञापन गर्नुभएको थियो । कार्यक्रममा बैंकको थिमी शाखाको तर्फबाट कार्यालय प्रमुख दिनेश गेलाल र वरिष्ठ सहायक रेगन बर्तौलाको सहभागिता थियो । सोही अवसरमा बैंकले उक्त संस्थासँग बैंकको स्तरीकरण कार्यक्रमअन्तर्गत CARE कार्यक्रमको पनि सम्झौता गरेको छ ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेडको अर्धवार्षिक समीक्षा गोष्ठी सम्पन्न

चितवन । माघ २१ गतेदेखि २३ गतेसम्म चितवनको सौराहामा सञ्चालन भएको राष्ट्रिय सहकारी बैंक लिमिटेडको अर्धवार्षिक समीक्षा गोष्ठी एक कार्यक्रमबीच समापन भएको छ । ३ दिनसम्म सञ्चालित उक्त गोष्ठीमा बैंकले यस आर्थिक वर्षको दोस्रो त्रैमाससम्म प्राप्त गरेको हालसम्मको प्रगतिको विश्लेषण तथा भावी कार्य योजनाको समेत तर्जुमा गरेको छ । साथै, आगामी दिनमा बैंकले आफ्ना ७ वटै प्रदेशमा रहेको शाखा कार्यालयमार्फत सदस्य विस्तार तथा बैंकको आधुनिक सेवा प्रवाहमा उच्चस्तरीय भूमिका निभाउने प्रतिबद्धता जाहेर गरेको छ । गोष्ठीमा बैंकका ७



वटै प्रदेशमा रहेका बैंकका ४४ वटै शाखाका शाखा प्रमुखहरूले आ-आफ्ना शाखा कार्यालयमा हाल देखिएको कमी कमजोरी पूर्ण रूपमा निराकरण गर्दै शाखा तथा समग्र बैंकको बृहत्तर विकासमा एकबद्ध भई लाग्ने प्रतिबद्धता जाहेर गरेका थिए । समापन कार्यक्रमको अध्यक्षता ग्रहण गर्नुभएका राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केबी उप्रेतीले बैंकको समग्र नीतिगत कुरालगायत बैंकको भावी योजनाको समेत समग्र विश्लेषण गर्नुभएको थियो भने सम्पूर्ण शाखा प्रमुखहरूलाई आ-आफ्ना शाखा कार्यालयको लक्ष्य प्राप्तिमा एकाग्र भई लाग्न प्रेरितसमेत गर्नुभएको थियो ।

समापन कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रिकुमार गुरागाईंले बैंक सेवा, पहुँच तथा प्रतिफलको हिसाबमा उत्कृष्ट रहेको र बैंकले आ-आफ्ना सेयर सदस्यलाई दिने सेवा-सुविधालाई अझै परिस्कृत गर्दै लैजाने र समग्र सहकारी क्षेत्रको विकासका लागि बैंकले नेतृत्वदायी भूमिका खेल्ने बताउनुभएको थियो । समापन कार्यक्रममा नेफ्स्कुनका उपाध्यक्ष शान्ति अधिकारी, सञ्चालक विद्या कोइराला, लेखा समिति संयोजक नवराज सापकोटा र साकोस म्यानेजर क्लब चितवनका अध्यक्ष मेघनाथ लामिछाने लगायतको उपस्थिति थियो ।

# चितवनमा कर्मचारी क्षमता अभिवृद्धि तालिम सम्पन्न




चितवन । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा बैंकका अधिकृत तहका कर्मचारीका लागि सञ्चालित ३ दिने कर्मचारी क्षमता अभिवृद्धि तालिम एक कार्यक्रमबीच सम्पन्न भएको छ । तालिम समापनको अवसरमा बैंकका लेखा समितिका सदस्य तारा गुरुङ र बैंकका तालिम विभाग प्रमुख रामबाबु आचार्यले तालिममा सहभागीलाई तालिम प्रमाणपत्र प्रदान गर्नुभएको थियो । तालिममा बैंकका १२ जना कर्मचारीको सहभागिता रहेको तालिमलाई प्रकाशकुमार पोखरेल र सिर्जना कोइरालाले सहजीकरण गर्नुभएको थियो । उक्त समापन कार्यक्रमको सञ्चालन बैंकका वरिष्ठ अधिकृत मीनाकुमारी शर्माले गर्नुभएको थियो ।

चितवन । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा बैंकका वरिष्ठ सहायक तहका कर्मचारीका लागि सञ्चालित ३ दिने कर्मचारी क्षमता अभिवृद्धि तालिम एक कार्यक्रमबीच सम्पन्न भएको छ । तालिम समापनको अवसरमा बैंकका लेखा समितिका सदस्य तारा गुरुङले तालिममा सहभागीलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो । तालिममा बैंकका १६ जना कर्मचारीको सहभागिता रहेको तालिमलाई प्रकाशकुमार पोखरेल र सिर्जना कोइरालाले सहजीकरण गर्नुभएको थियो । तालिममा सहभागी कर्मचारी मिलन दंगाल र पूर्णिमा पाठकले तालिम साह्रै उपयोगी तथा व्यवहारिक रहेको जानकारी गराउनुभयो । तालिममा सिकेका कुरालाई व्यवहारमा समेत उतार्नुहुन सहभागीहरूसँग अनुरोध गर्दै उक्त समापन कार्यक्रमको सञ्चालन बैंकका वरिष्ठ अधिकृत मीनाकुमारी शर्माले गर्नुभएको थियो ।



# बनेपामा सदस्य भेला तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

बनेपा । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय बनेपा र मण्डनदेउपुर नगरपालिका सहकारी समन्वय समितिको संयुक्त आयोजनामा फागुन १२ गते ‘सहकारीमा प्रभावकारी व्यवस्थापनसम्बन्धी अन्तरक्रिया कार्यक्रम’ विषयमा सदस्य भेला तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ.। उपस्थित १४ नयाँ सहकारी संस्थाबीच सहकारीमा प्रभावकारी व्यवस्थापनसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो । सो अन्तरक्रिया कार्यक्रमका सभाध्यक्षको आसनग्रहण मण्डनदेउपुर नगरपालिका सहकारी समन्वय समितिका संयोजक तथा जिल्ला कृषि सहकारी संघ, काभ्रेका अध्यक्ष सुमन नेपालले गर्नुभएको थियो । मण्डनदेउपुर नगरपालिका प्रमुख टोकबहादुर वाइबाले प्रमुख आतिथ्यता ग्रहण गर्नुभएको सो कार्यक्रममा विशिष्ट अतिथिहरूमा मण्डनदेउपुर नगर उपप्रमुख निर्मला शाही, बैंकका अध्यक्ष केबी उप्रेती, केन्द्रीय तरकारी तथा फलफूल सहकारी संघका अध्यक्ष तथा जिल्ला सहकारी संघ, काभ्रेका अध्यक्ष विनोद पराजुलीले आसन ग्रहण गर्नुभएको थियो । त्यसैगरी, कार्यक्रमको अतिथिहरूमा मण्डनदेउपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रणराज न्यौपाने, राष्ट्रिय सहकारी बैंकका सञ्चालक सरिता भट्टराई, जिल्ला सहकारी संघ, काभ्रेका सचिव दिलीप शर्मा, जिल्ला सहकारी संघ, काभ्रेका सञ्चालक, मण्डनदेउपुर नगरपालिका-७ का अध्यक्ष तथा मण्डनदेउपुर नगरपालिका कृषि तथा सहकारी विभाग प्रमुख नारायणप्रसाद लम्साल, जिल्ला सहकारी संघ, काभ्रेका सञ्चालक तथा मण्डनदेउपुर नगरपालिका प्रवक्ता डिल्लीप्रसाद आचार्य, मण्डनदेउपुर नगरपालिका-१ का अध्यक्ष लक्ष्मणप्रसाद बस्ताकोटीले आसनग्रहण गर्नुभएको थियो । अन्तरक्रिया कार्यक्रमलाई सहजीकरण गर्दै बैंकका सञ्चालक सरिता भट्टराईले सहकारी संस्था सञ्चालनको व्यवस्थापकीय पक्षलाई विशेष प्राथमिकता दिनुपर्नेमा जोड दिनुभएको थियो । कार्यक्रमका प्रमुख अतिथि नगर प्रमुख टोकबहादुर वाइबाले मन्तव्य व्यक्त गर्ने क्रममा सहकारीका कृषि, पर्यटनजस्ता क्षेत्रमा आफ्नो लगानी बढाउने र सोसम्बन्धी पहुँचलाई अझै प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । सो अन्तरक्रिया कार्यक्रममा बैंकका अध्यक्ष केबी उप्रेतीले बैंक सहकारी संघ/संस्थाहरूको विकासमा लागि सदैव लागिपर्ने तथा पर्दै आएकाले सबै सहकारी संस्थालाई बैंकमा आबद्ध हुन आग्रह गर्नुभयो । कार्यक्रममा मन्तव्य व्यक्त गर्दै सहकारी क्षेत्रको एक मात्र बैंकलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सबै सहकारीले आफ्नो कारोबार सहकारी बैंकमार्फत नै गर्नुपर्ने जिल्ला सहकारी संघ काभ्रेका अध्यक्ष विनोद पराजुलीले जोड दिनुभएको थियो । त्यसैगरी, मन्तव्य व्यक्त गर्ने क्रममा मण्डनदेउपुर नगरका प्रमुख प्रशासकीय अधिकृत प्राणराज न्यौपानेले नियमसंगत नचलाएमा खारेज हुने कुरा औंल्याउँदै सबै सहकारी नगरपालिका सूचीकृत हुन आग्रह गर्नुभएको थियो । काभ्रेको कुन्ताबेशीमा सञ्चालित सो कार्यक्रमको सञ्चालन बनेपा शाखा प्रमुख सीता भट्टराईले गर्नुभएको थियो ।



# लगनखेलमा सहकारी बैंक र सहकारी संस्थाबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय लगनखेलको आयोजनामा महालक्ष्मी नगरपालिका-६, सिद्धिपुरमा बैंक र सहकारी संस्थाबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।




बैंकका सञ्चालक रामहरि बजगाईंको सभापतित्व आयोजित उक्त कार्यक्रमका प्रमुख अतिथि महालक्ष्मी नपा-६, सिद्धिपुरका वडाध्यक्ष वासुदेव महर्जन हुनुहुन्थ्यो भने नेपाल केन्द्रीय उपभोक्ता सहकारी संघका सञ्चालक सदस्य रवीन्द्रप्रसाद नेम्कुल र बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईं विशेष आतिथिका रुपमा सहभागी हुनुहुन्थ्यो । त्यस्तै, कार्यक्रमका अतिथिहरुमा ललितपुर जिल्ला बहुउद्देशीय सहकारी संघका उपाध्यक्ष तथा सिद्धिपुर-६ सहकारी एकता समाजका अध्यक्ष किशोर महर्जन, महालक्ष्मी नपा-६, सिद्धिपुरका वडासदस्य बुद्ध बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सुरेन्द्र अमात्य हुनुहुन्थ्यो ।

सहकारी बैंकले आफ्ना सदस्य सहकारी संस्थालाई दिँदै आएको सेवाहरूको विषयमा केन्द्रित रहेको सो अन्तरक्रिया कार्यक्रममा उठेका विषयमा बैंकका सञ्चालक रामहरि बजगाईंले प्रकाश पार्नुभएको थियो । लगनखेल शाखा कार्यालयअन्तर्गत कारोबार गर्ने १८ वटा सहकारी संस्थाबाट ३५ जना प्रतिनिधि सहभागी थिए । सो अन्तरक्रिया कार्यक्रममा बैंकका प्रमुख कार्यकारी प्रमुख बद्रीकुमार गुरागाईंले बैंकले आफ्ना सदस्य संस्थालाई प्रदान गर्दै आएको सेवाबारे जानकारी दिनुभएको थियो । त्यस्तै, बैंकको लगनखेल शाखा प्रमुख रमा घिमिरेले लगनखेल शाखाको वर्तमान अवस्थाको चित्रण गर्नुभएको थियो । सोही अवसरमा बैंकले अभिवादन बहुउद्देशीय सहकारी संस्था लिमिटेडसँग बैंकको स्तरीकरण कार्यक्रम CARE को पनि सम्झौता गरेको छ । अन्तरक्रिया कार्यक्रमको सञ्चालन लगनखेल शाखा प्रमुख रमा घिमिरेले गर्नुभएको थियो ।

---

# बाँकेमा लेखा तथा सफ्टवेयर सञ्चालन तालिम सम्पन्न



नेपालगन्ज । राष्ट्रिय सहकारी बैंक लिमिटेड आयोजना, हेफर इन्टरनेसनलको वित्तीय सहयोगमा बाँकेको नेपालगन्जमा ५ दिने लेखा तथा सफ्टवेयर सञ्चालन तालिम सम्पन्न भएको छ । उक्त कार्यक्रममा प्युठान, दाङ, सल्यान, बाँके, बर्दिया र सुर्खेतका विभिन्न सहकारी संस्थाका व्यवस्थापक तथा संस्था सहजकर्ता गरी ३३ जनाको सहभागिता थियो । कार्यक्रम हेफर इन्टरनेसनल नेपालका लेखा अधिकृत रुपेश उपाध्ययको आतिथ्यतामा भएको थियो । तालिम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासे र हारती टेक्नोलोजीका प्रबन्धनिर्देशक तथा सफ्टवेयर डेभलबर गम्भीर महर्जनको सहजीकरणमा सम्पन्न भएको थियो ।

# बाँकेमा संघको नीति तथा कार्यविधि निर्माण कार्यशाला सम्पन्न




बाँके । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोग तथा हेफर इन्टरनेसनलको वित्तीय सहयोगमा सामाजिक उद्यमी जिल्ला सहकारी संघ लिमिटेड, बाँकेको त्रिदिवसीय नीति तथा कार्यविधि निर्माण कार्यशाला तालिम सम्पन्न भएको छ । जिल्ला सहकारी संघ लिमिटेड, बाँकेको अध्यक्ष यमी बोहराको अध्यक्षता, बि ग्रुपका लोखापल एकबहादुर उपाध्ययको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा संघका सञ्चालक समिति, लेखा समिति, उपसमिति सदस्य, कर्मचारी, सहकारी क्षमता अभिवृद्धि सहजकर्ता गरी २० जनाको सहभागिता थियो । कार्यक्रम समापन समारोहमा सहभागीहरूको तर्फबाट दीपलगन सहकारीका प्रतिनिधि संघका सञ्चालक लालुमाया पाण्डेले कार्यशाला निकै राम्रो भएको भन्दै यस कार्यक्रमबाट उत्कृष्ट नीति तथा विधि निर्माण भएको बताउनुभयो । आगामी दिनमा संघलाई विवेकभन्दा पनि विधिबाट सञ्चालन गर्न तालिमले सहज भएको उहाँको भनाइ थियो । कार्यक्रम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासेको सहजीकरणमा सम्पन्न भएको थियो ।

# बाँकेमा नीति तथा कार्यविधि निर्माण कार्यशाला सम्पन्न

बाँके । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोग, हेफर इन्टरनेसनलको वित्तीय सहयोगमा कुसुम सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड कुसुम, राप्तीसोनारी, बाँकेको त्रिदिवसीय नीति तथा कार्यविधि निर्माण कार्यशाला तालिम सम्पन्न भएको छ । संस्थाका अध्यक्ष टीका बुढाथोकीको अध्यक्षता, राप्तीसोनारी गाउँपालिका-१ का अध्यक्ष चन्द्रबहादुर वलीको प्रमुख आतिथ्यता बि ग्रुपका सहकारी सहजकर्ता नरुसिद्धिन शेषको आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा संस्थाका सञ्चालक समिति, लेखा समिति, उपसमिति सदस्य, कर्मचारी, सहकारी क्षमता अभिवृद्धि सहजकर्ता गरी ३२ जना सहभागी थिए । कार्यक्रमको समापन समारोहमा




सहभागीकोतर्फबाट गीता कुमालले कार्यशाला निकै राम्रो भएको जानकारी दिँदै ३ दिनको यो कार्यक्रमले आफ्नो जीवनको सोच्ने तरिका नै परिवर्तन भएको बताउनुभयो । उहाँले यो कार्यक्रमबाट संस्था सञ्चालन गर्ने उत्कृष्ट नीति तथा विधि निर्माण भएको पनि जानकारी दिनुभयो । आगामी दिनमा संस्थालाई विवेक भन्दा पनि विधिबाट सञ्चालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । कार्यक्रमबाट संस्थाको विनियम संशोधन मस्यौदा, बचत नीति, ऋण व्यवस्थापन नीति, मानव संसाधन व्यवस्थापन नीति, आर्थिक प्रशासन नीति, सदस्यता प्रदान नीति, परिवार हित कोष व्यवस्थापन नीति, निवार्चन निर्देशिका, बजार व्यवस्थापन निर्देशिका र कोष व्यवस्थापन तथा परिचालन नीति निर्माण गरिनेछ । कार्यक्रम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासेको सहजीकरणमा सम्पन्न भएको थियो ।

## बनेपामा सञ्चालकहरूको क्षमता अभिवृद्धि तालिम (सियुडिसिसी) सम्पन्न



काठमाडौं । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोग तथा हरहर महादेव बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा बनेपाको चेतना केन्द्रमा सञ्चालकहरूको क्षमता अभिवृद्धि तालिम (सियुडिसिसी) एक कार्यक्रमबीच सम्पन्न भएको छ । फागुन २१ देखि फागुन २४ गतेसम्म तालिम सञ्चालन भएको थियो । तालिमको सहजीकरण बैंकका तालिम अधिकृत सूर्य रिमालले गर्नुभएको थियो

## धनगढीमा ३ दिने कर्जा तथा जोखिम व्यवस्थापन तालिम सम्पन्न




कैलाली । राष्ट्रिय सहकारी बैंक लिमिटेड धनगढी शाखाको आयोजनामा ३ दिने कर्जा तथा जोखिम व्यवस्थापन तालिम सम्पन्न भएको छ । राष्ट्रिय सहकारी बैंक लिमिटेडका सञ्चालक शिवा थापाको अध्यक्षता, नेपाल बहुउद्देश्यीय सहकारी संघका केन्द्रीय सञ्चालक सुरेन्द्रकुमार शाहको प्रमुख आतिथ्यता, जिल्ला सहकारी संघ लि. कैलालीका सञ्चालक जयराज न्यौपानेको विशिष्ट आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । तालिममा शाखा कार्यालय धनगढीअन्तर्गतका विभिन्न सदस्य सहकारी संघ/संस्थाका व्यवस्थापक, कर्जा प्रमुख र ऋण उपसमितिका पदाधिकारी गरी ३५ जना सहभागी थिए । कार्यक्रम समापन समारोहमा सहभागीहरूले सो तालिमबाट सिकेका कुराले कर्जा जोखिम व्यवस्थापन र कर्जा व्यवस्थित गर्न उल्लेखनीय भूमिका हुने प्रतिक्रिया दिएका छन् । तालिम बैंकका तालिम अधिकृत नारायण बेल्वासेको सहजीकरणमा सम्पन्न भएको थियो । तालिम समापन कार्यक्रम राष्ट्रिय सहकारी बैंक लिमिटेड धनगढी शाखा प्रमुख कृष्ण रावलले सञ्चालन गर्नुभएको थियो ।

## भक्तपुरमा कर्जा लगानी तथा सदुपयोगिता तालिम सम्पन्न

भक्तपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय ठिमीको आयोजनामा फागुन १० गते एकदिने कर्जा लगानी तथा सदुपयोगिता तालिम सम्पन्न भयो । पारिजात साकोस कटुञ्जे भक्तपुरको सभाहलमा सम्पन्न उक्त कार्यक्रम बैंकका अध्यक्ष केबी उप्रेतीको प्रमुख आतिथ्यता तथा बैंकका सञ्चालक सरिता भट्टराईको अध्यक्षतामा सम्पन्न भयो । तालिमलाई बैंकको कर्जा विभागका प्रमुख प्रमोदकुमार घिमिरेले सहजीकरण गर्नुभएको थियो, 'भक्तपुरका विभिन्न सहकारी संघ/संस्थावाट ३८ जना प्रतिनिधिको सहभागितामा सम्पन्न तालिमको सञ्चालन बैंकको ठिमी शाखा प्रमुख दिनेश गेलालले गर्नुभएको थियो ।



# बाँकेमा नीति तथा कार्यविधि निर्माण कार्यशाला सम्पन्न

बाँके । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोग तथा हेफर इन्टरनेसनलको वित्तीय सहयोगमा फागुन ४ गते उपहार सामाजिक उद्यमी महिला सहकारी संस्था लि., अट्ठाइसघर, बैजनाथ, बाँकेको त्रिदिवसीय नीति तथा कार्यविधि निर्माण कार्यशाला तालिम सम्पन्न भयो । संस्थाका अध्यक्ष मन्दिरा सुवेदी रिमालको अध्यक्षता, बैजनाथ गाउँपालिका-६ का वडाध्यक्ष भद्रबहादुर बस्नेतको प्रमुख आतिथ्यता, वि ग्रुपका लेखापाल एकबहादुर उपाध्ययको आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा संस्थाका सञ्चालक समिति, लेखा समिति, उपसमिति सदस्यहरू, कर्मचारी, सहकारी क्षमता अभिवृद्धि सहजकर्ता गरी २८ जनाको सहभागिता छ । कार्यक्रमको समापन समारोहमा सहभागीतर्फ महिमा सुनारले कार्यशाला निकै राम्रो भएको जानकारी दिँदै ३ दिनको यो कार्यक्रमले आफ्नो जीवनको सोच्ने तरिका नै परिवर्तन भएको बताउनुभयो । यो कार्यक्रमबाट संस्थालाई सञ्चालन गर्ने उत्कृष्ट नीति तथा विधि निर्माण भएको उहाँको भनाइ थियो । आगामी दिनमा संस्थालाई अब विवेक भन्दा पनि विधिबाट सञ्चालन गर्ने बताउनुभएको थियो । कार्यक्रमबाट संस्थाको विनियम संशोधन मस्यौदा, बचत नीति, ऋण व्यवस्थापन नीति, मानव संसाधन व्यवस्थापन नीति, आर्थिक प्रशासन नीति, सदस्यता प्रदान नीति, परिवार हितकोष व्यवस्थापन नीति, निर्वाचन निर्देशिका, बजार व्यवस्थापन निर्देशिका र कोष व्यवस्थापन तथा परिचालन नीति निर्माण गरिनेछ । कार्यक्रम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासेको सहजीकरणमा सम्पन्न भएको थियो ।

# बागलुङमा क्षमता अभिवृद्धि तालिम

म्याग्दी । राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाको आयोजनामा सहकारी संघ, सस्थाका सञ्चालकका लागि फागुन १२ गते क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ । म्याग्दीमा क्रियाशील विभिन्न विषयका सहकारीका सञ्चालकलाई विद्यमान ऐन कानुनलगायत सहकारीको व्यावसायिक सफलताका लागि सञ्चालकहरूको काम, कर्तव्य र अधिकारका विषयमा जानकारी गराउने उद्देश्यसाथ तालिमका आयोजना गरिएको बैंकले जनाएको छ । तालिममा सहजीकरण गर्दै बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसीले सहकारी ऐन नियम पालना गर्दै व्यावसायिक कार्यमा लाग्न सञ्चालकलाई आग्रह गर्नुभयो । व्यावहारिकताका नाममा ऐन, नियमविपरीत गरिने कार्यले सहकारीहरूलाई समस्यामा पार्ने भन्दै उहाँले सहकारी ऐन, नियमको पालना तथा सहकारी क्षेत्रमा आएका प्रविधिको उपयोग गरेर अगाडि बढ्न सुझाव दिनुभयो । सहकारीको पहिलो काम सदस्यहरूको सेवा हो भन्दै उहाँले सहकारीहरूले योजना बनाउँदा सदस्यको हितमा हुने कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभएको थियो ।



कार्यक्रममा सहभागीहरूको तर्फबाट पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सुरेन्द्रराज शर्मा र लोकदीप बचत तथा ऋण सहकारी संस्थाका उपाध्यक्ष प्रमिला जोशीले तालिमले सहकारीलाई अगाडि बढाउन मद्दत गरेको बताउनुभएको थियो । तालिमका सहभागीले बेनी बजारमा सहकारी बैंकको शाखा स्थापना गर्न माग गरेका छन् । शाखा नभएका कारण सहकारीको बचत अन्यत्र राख्दा सहकारीलाई समस्या भएको भन्दै म्याग्दीका सहकारीकर्मीहरूले बैंकको शाखा बेनीमा स्थापना गर्न माग गरेका हुन् । कार्यक्रममा शाखाको अवस्थाबारे शाखा कार्यालय बागलुङका प्रमुख युवराज त्रिपाठीले जानकारी गराउनुभएको थियो ।

## बाँकेमा सहकारी व्यवस्थापन तालिम सम्पन्न



बाँके । राष्ट्रिय सहकारी बैंक कोहलपुर शाखाको आयोजनामा फागुन ७ देखि त्रिदिवसीय सहकारी व्यवस्थापन तालिम सम्पन्न भयो । कार्यक्रममा बाँके तथा बर्दिया जिल्लाका विभिन्न सहकारी संस्थाका सञ्चालक तथा कर्मचारी गरी ३७ जनाको सहभागी थिए । कार्यक्रमको समापनमा सहभागीको तर्फबाट वैभवलक्ष्मी महिला बहुउद्देश्यीय सहकारी संस्था कोहलपुरका अध्यक्ष शुभद्रा शर्माले तालिम निकै फलदायी भएको बताउँदै कार्यक्रममा सिकेका कुरा लागू गरे संस्था स्थापनाको उद्देश्य सहज रूपमा प्राप्त गर्न सकिने बताउनुभयो । त्यस्तै, अमरज्योति कृषि सहकारी संस्था बैजनाथका व्यवस्थापक तुलसीराम बेल्वासेले अहिलेसम्म लिएका धेरै तालिमभन्दा निकै राम्रो र फलदायी भएको भन्दै प्रसंशा गर्नुभयो । समापन समारोह शाखा व्यवस्थापन समिति संयोजक पारसनाथ थारूको अध्यक्षता, शाखा प्रमुख निता थापाको धन्यवाद ज्ञापन र कोहलपुर शाखाका कर्मचारी प्रकाशसिंह कार्कीको सञ्चालनमा भएको थियो भने तालिम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासेको सहजीकरणमा सम्पन्न भएको थियो ।

## वीरगन्जमा वित्तीय साक्षरता तालिम तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न




वीरगन्ज । राष्ट्रिय सहकारी बैंक लि. शाखा कार्यालय वीरगञ्जको आयोजनामा ०७६ फागुन ७ गते सञ्चालन भएको १ दिने वित्तीय साक्षरता तालिम तथा बैंकको सेवासम्बन्धी अभिमुखीकरण कार्यक्रम पर्सा, महुवनस्थित श्री जानकी राजेश पण्डित आधारभूत विद्यालयमा सम्पन्न भयो । ग्रामीण क्षेत्रमा सञ्चालित सहकारी संस्थाका प्रतिनिधिलाई वित्तीय साक्षर बनाउने तथा बैंकको सेयर सदस्य बन्न बाँकी रहेका गैरसदस्यलाई सदस्य बनाउने उद्देश्यसाथ सञ्चालन भएको उक्त तालिम तथा कार्यक्रमको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि सखुवा प्रसौनी-५ का वडाध्यक्ष रूपलाल यादवले गर्नुभयो ।

जिल्ला बचत तथा ऋण सहकारी संघ पर्साका अध्यक्ष राजेश पण्डितको अध्यक्षतामा उद्घाटन भएको तालिम कार्यक्रमको प्रमुख अतिथि सखुवा प्रसौनी-५ का वडाध्यक्ष रुपलालकुमार यादव, अतिथि प्रधानाध्यापक मुकेशकुमार यादव, अतिथि सिर्जनशील महिला बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष इन्द्रा मोक्तान तथा तालिम प्रशिक्षक तथा बैंकका शाखा प्रमुख सञ्जयकुमार महतोलगायतले आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो । कार्यक्रममा वीरगञ्ज शाखाअन्तर्गतको सखुवा प्रसौनी गाउँपालिका र बहुदरमाई नगरपालिकाभित्रका विभिन्न सहकारी संघसंस्थाका ४५ जना प्रतिनिधी सहभागी रहेको उक्त तालिम तथा कार्यक्रम सञ्चालन वीरगन्ज शाखाका कर्मचारी श्याम न्यौपानेले गर्नुभएको थियो । तालिममा सहभागी प्रमुख अतिथि, अतिथिलगायत उपस्थित सम्पूर्ण प्रतिनिधिलाई स्वागत मन्तव्यसहित तालिम तथा कार्यक्रमबारे वीरगन्ज शाखा प्रमुख सञ्जयकुमार महतोले जानकारी गराउनुभएको थियो । उक्त तालिममा प्रशिक्षक सञ्जयकुमार महतो तथा वीरगन्ज शाखाका कर्मचारी श्याम न्यौपानेले सहजीकरण गर्नुभयो ।

# बाँकेमा नीति तथा कार्यविधि निर्माण कार्यशाला सम्पन्न




बाँके । राष्ट्रिय सहकारी बैंक लिको प्राविधिक सहयोग तथा हेफर इन्टरनेसनलको वित्तीय सहयोगमा फागुन ४ गते परिवर्तन सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड, लालपुर, बाँकेको त्रिदिवसीय नीति तथा कार्यविधि निर्माण कार्यशाला तालिम सम्पन्न भएको छ । समापन कार्यक्रम संस्थाका अध्यक्ष सुनीता खाँडको अध्यक्षता सहकारी सहजकर्ता देवबहादुर खाँडको आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा संस्थाका सञ्चालक समिति, लेखा समिति, उपसमिति सदस्य, कर्मचारी र सहकारी क्षमता अभिवृद्धि सहजकर्ता गरी ४१ जनाको सहभागिता रहेको छ । कार्यक्रमको समापन समारोहमा सहभागीको तर्फबाट ललिता शाहीले कार्यशाला निकै फलदायी भएको बताउनुभयो । ३ दिनको यो कार्यक्रमले आफ्नो सहकारीप्रतिको धारणा नै परिवर्तन भएको भन्दै यो कार्यक्रमबाट संस्थालाई सञ्चालन गर्ने कार्यविधि निर्माण भएको जानकारी दिनुभयो । संस्थालाई अब विवेकभन्दा पनि विधिबाट सञ्चालन गर्ने उहाँले बताउनुभयो । कार्यक्रमबाट संस्थाको विनियम संशोधन मस्यौदा, बचत नीति, ऋण व्यवस्थापन नीति, मानव संसाधन व्यवस्थापन नीति, आर्थिक प्रशासन नीति, सदस्यता प्रदान नीति, परिवार हित कोष व्यवस्थापन नीति, निर्वाचन निर्देशिका, बजार व्यवस्थापन निर्देशिका र कोष व्यवस्थापन तथा परिचालन नीति निर्माण गरिनेछ । कार्यक्रम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासेको सहजीकरणमा सम्पन्न भएको थियो ।

# इटहरीमा पर्ल्स अनुगमन तालिम सम्पन्न




इटहरी । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय इटहरीको आयोजनामा गोकर्ण रिसोर्ट एन्ड पार्टी प्यालेस इटहरीमा सञ्चालित २ दिवसीय पर्ल्स अनुगमन तालिम एक कार्यक्रमबीच सम्पन्न भएको छ । तालिम समापनको अवसरमा राष्ट्रिय सहकारी महासंघका लेखा सुपरिवेक्षण समितिका सदस्य सोमबहादुर श्रेष्ठले कार्यक्रमको प्रभावकारिता सम्बन्धमा मन्तव्य व्यक्त गर्नुभएको थियो । इटहरी क्षेत्रका २८ वटा सहकारी संघसंस्थाका ३७ जना प्रशिक्षार्थीको सहभागिता रहेको उक्त तालिमलाई बैंकका तालिम अधिकृत सूर्य रिमालले सहजीकरण गर्नुभएको थियो भने समापन कार्यक्रमको सञ्चालन बैंकको इटहरी शाखा कार्यालयका प्रमुख वीरबल राजवंशीले गर्नुभएको थियो ।

# धरानमा पर्ल्स अनुगमन प्रणाली तालिम सम्पन्न



धरान । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय धरानको आयोजनामा सुनसरी उद्योग वाणिज्य संघको सभाहलमा पर्ल्स अनुगमन प्रणालीसम्बन्धी २ दिने तालिम एक कार्यक्रमबीच समापन भएको छ । बैंकको शाखा कार्यालय धरानका प्रमुख सम्झना दाहालको सञ्चालन तथा जिल्ला सहकारी संघ, सुनसरीका उपाध्यक्ष तथा राष्ट्रिय सहकारी बैंक शाखा कार्यालय धरानको शाखा समन्वय उपसमितिका सदस्य दिनेश श्रेष्ठको अध्यक्षता तथा उपसमितिका सदस्यहरूको आतिथ्यमा तालिम समापन गरिएको थियो । तालिममा सुनसरी जिल्लाका विभिन्न ३० बटा सहकारीका ४१ जनाको सहभागिता रहेको तालिममा पर्ल्सको अर्थ, सूचक, मापदण्ड, महत्व, पर्ल्स सूचकांकको गणना तथा विश्लेषणजस्ता विषयमा बैंकका तालिम अधिकृत सूर्यप्रसाद रिमालले सहजीकरण गर्नुभएको थियो ।

---

***बैंकको आयोजनामा प्रदेश २.....***

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कँडेलले सहकारी अभियानमार्फत मुलुकको समृद्धिका लागि सहकारीका संघहरूको सक्रियता बढाउनुपर्नेमा जोड दिनुभयो । सहकारीहरूले गरेका सकारात्मक कामको प्रवर्द्धन गर्दै कमजोरी सुधार गरेर सहकारी अभियानलाई प्रभावकारी बनाउन र राज्यका निकायसँग समन्वय गर्न उहाँले आह्वान गर्नुभयो । गोष्ठी उद्घाटन कार्यक्रममा नेपाली कांग्रेस प्रदेश २ संसदीय दलका नेता रामसरोज यादव, राष्ट्रिय समाजवादी दलका प्रमुख सचेतक परमेश्वर शाह, मिथिला नगरपालिका प्रमुख हरिनारायण महतो, सबैला नगरपालिका प्रमुख विजयशंकर प्रसाद शाहलगायतले राज्यले अंगीकार गरेको तीनखम्बे अर्थनीतिअनुसार आर्थिक विकास र सामाजिक रूपान्तरणका लागि सहकारी-सरकारबीच समन्वय हुनुपर्नेमा जोड दिनुभयो । कार्यक्रमको औचित्यबारे प्रकाश पार्दै बैंकका अध्यक्ष केबी उप्रेतीले राज्यले विपन्न वर्गका जनताको आर्थिक विकास र देशको गरिबी निवारणका लागि विनियोजन गर्ने बजेट सहकारी बैंकमार्फत अगाडि बढाउनका लागि समन्वय गर्ने उद्देश्यले गोष्ठी आयोजना गरिएको बताउनुभयो । सहकारी क्षेत्रका लागि विनियोजन हुने बजेट सहकारी बैंकमार्फत परिचालन गर्ने हो भने लक्षित वर्गमा सहज रूपमा पुऱ्याउन सहज हुने भन्दै उहाँले राज्यले दिने रकमलाई ब्याजदरमा न्यूनतम अन्तर गरेर सहकारी बैंकले परिचालन गर्ने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश २ का सचिव डा. गोविन्द शर्माले प्रदेशको आर्थिक विकासका नीति तथा कार्यक्रम र यसमा सहकारी क्षेत्रबाट गरिएको अपेक्षा विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । यस्तै, सहकारी अभियानको तर्फबाट बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले प्रदेशमा सहकारीको अवस्था एवं प्रदेशको विकासमा सरकार र सहकारीबीच सहकार्यका सम्भावित क्षेत्र विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । बैंकका अध्यक्ष केबी उप्रेतीको अध्यक्षता, बैंकका सञ्चालक तथा प्रदेश २ का संयोजक विश्वनाथ मण्डलको सञ्चालन र बैंकका सञ्चालक ध्रुवनारायण यादवको स्वागतमा कार्यक्रम सम्पन्न भएको थियो । गोष्ठीमा प्रदेश २ बाट सहकारी अभियानका केन्द्रीय निकायमा प्रतिनिधित्व गर्ने पदाधिकारी तथा सदस्य, सहकारी मन्त्रालयसँग सम्बन्धित अधिकृत, स्थानीय तहका प्रमुख तथा प्रतिनिधिसहित सय जनाको सहभागिता थियो ।

गोष्ठीका सहभागीले प्रदेश २ को समृद्धि र विकासमा प्रदेश सरकार र सहकारी अभियानबीच सहकार्य गर्ने र निरन्तरता दिने, प्रदेश २ का स्थानीय सरकारसमेतको तर्फबाट प्रदेश सरकार र सहकारी अभियानको तर्फबाट राष्ट्रिय सहकारी बैंकले भावी कार्यक्रम तय गर्ने र सञ्चालनको नेतृत्व गर्ने, भावी कार्यक्रममा प्रदेशका जनता, स्रोत-साधन एवं सहकारी संघ/संस्थालाई परिचालन गर्ने कुरालाई प्राथमिकतामा राख्ने, कृषि उत्पादन, प्रशोधन र बजारीकरणसम्बन्धी कार्यक्रमलाई विशेष प्राथमिकता दिने, प्रदेशका सम्पूर्ण स्थानीय सरकार तथा सहकारी संघसंस्था भावी कार्यक्रममा सहभागी हुने, सहकारी संघसंस्थाको प्रवर्द्धन र विकासबाट दिगो बनाउनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

## सुर्खेतमा नीति तथा कार्यविधि निर्माण कार्यशाला सम्पन्न




सुर्खेत । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोग तथा हेफर इन्टरनेसनलको वित्तीय सहयोगमा सम्झौता सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड सोलीघोप्टे, वीरेन्द्रनगर, सुर्खेतको त्रिदिवसीय नीति तथा कार्यविधि निर्माण कार्यशाला तालिम सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष टीका अधिकारीको अध्यक्षतामा भएको समापन समारोहमा राष्ट्रिय सहकारी बैंकका सुर्खेत शाखा प्रमुख सागरनाथ योगीलगायतको आतिथ्यता थियो । उक्त कार्यक्रममा संस्थाका सञ्चालक समिति, लेखा समिति, उपसमिति सदस्य, कर्मचारी गरी २९ जनाको सहभागिता थियो । कार्यक्रमको समापनमा सहभागीको तर्फबाट मन्तव्य व्यक्त गर्दै संस्थाका सदस्य यमकला घर्तीले यो तालिमले आगामी दिनमा संस्था सञ्चालन गर्न मार्ग प्रदान गरेको बताउनुभयो । कार्यक्रमबाट संस्थाको विनियम संशोधन मस्यौदाका साथै बचत नीति, ऋण व्यवस्थापन नीति, मानव संसाधन व्यवस्थापन नीति, आर्थिक प्रशासन नीति, सदस्यता प्रदान नीति, कोष व्यवस्थापन तथा परिचालन नीति र बजार व्यवस्थापन नीति निर्माण गर्न सहजीकरण गरिएको छ । तालिम कार्यक्रम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासेको सहजीकरणमा सम्पन्न भएको थियो ।

---

## सुर्खेतमा सहकारी व्यवस्थापन तालिम सम्पन्न




सुर्खेत । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजना र हेफर इन्टरनेसनलको वित्तीय सहयोगमा वीरेन्द्रनगर, सुर्खेतमा ३ दिवसीय सहकारी व्यवस्थापन तालिम सम्पन्न भएको छ । कार्यक्रममा सुर्खेत जिल्लाका विभिन्न सहकारी संस्थाका सञ्चालक तथा कर्मचारी गरी ३ जनाको सहभागिता थियो । कार्यक्रमको समापनमा सहभागीको तर्फबाट बोल्दै सम्झौता सामाजिक उद्यमी महिला सहकारी संस्था वीरेन्द्रनगरका अध्यक्ष टीका अधिकारीले तालिम निकै फलदायी भएको बताउँदै कार्यक्रममा सिकेका कुरा लागू गरे संस्था स्थापनाको उद्देश्यहरू सहज रूपमा प्राप्त गर्न सक्ने बताउनुभएको थियो । त्यस्तै, सफल सामाजिक उद्यमी महिला सहकारी संस्था जहरेका सञ्चालक सदस्य धनसरा विकले अहिलेसम्म लिएका धेरै तालिमभन्दा यस तालिम निकै राम्रो र फलदायी भएको बताउनुभएको थियो । तालिम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासेको सहजीकरण सम्पन्न भएको हो ।

# मोरङमा सहकारी व्यवस्थापन तालिम सम्पन्न

मोरङ । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजना र प्राविधिक सहयोग तथा हेफर इन्टरनेसनलको वित्तीय सहयोगमा कृषि विकास बैंकको तालिम केन्द्र, लेटाङ, मोरङमा सहकारी व्यवस्थापनसम्बन्धी ३ दिने तालिम एक कार्यक्रमबीच समापन भएको छ ।



अभियान नेपालका केशव खनालको सञ्चालन, राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत सूर्यप्रसाद रिमालको अध्यक्षता, हेफर इन्टरनेसनल नेपालका अधिकृतहरू प्रकाश कटुवाल, दीपेश पोखेल, उमाशंकर यादवको आतिथ्यतामा समापन कार्यक्रम सम्पन्न भएको थियो । समापनमा चौतारी सामुदायिक उपभोक्ता मञ्च सहकारीका अध्यक्ष अम्विका सुव्वा, दिगोपन सामुदायिक उपभोक्ता मञ्च सहकारीका अध्यक्ष कमला योञ्जन, परिश्रमी सामुदायिक उपभोक्ता मञ्च सहकारीका अध्यक्ष गंगादेवी श्रेष्ठ, हाम्रो स्वावलम्बी सामुदायिक उपभोक्ता मञ्च सहकारीका कोषाध्यक्ष कल्पना ढुंगेल, सुरक्षा सामुदायिक उपभोक्ता मञ्च सहकारीका सहव्यवस्थापक दुर्गाकुमार थपलियाले विचार व्यक्त गर्दै तालिम अत्यन्तै उपलब्धिमूलक भएको बताउँदै अब तालिममा सिकेको कुरालाई उपयोग गर्दै सहकारीको मूल्यमान्यताअनुसार सहकारी सञ्चालन गर्ने, ऋण लगानीको सदुपयोगिता गराउने कार्यलाई प्राथमिकता दिने, सञ्चालकको बैठकलाई प्रभावकारी बनाउने र सहकारीमा सुशासन कायम गर्ने प्रतिबद्धता जनाउनुभयो । कार्यक्रममा हेफर इन्टरनेसनलका दीपेश पोखेलले सहकारीमार्फत सदस्यहरूलाई उद्यमी बनाउन सबै लागिपर्नुपर्ने बताउनुभयो । झापा र मोरङ जिल्लाका विभिन्न ५ वटा सहकारीका अध्यक्ष, लेखा संयोजक, सचिव, कोषाध्यक्ष, सञ्चालक तथा व्यवस्थापकसहित २७ जनाको सहभागिता रहेको सो ३ दिने कार्यशालामा सहकारीको परिभाषा, सिद्धान्त, मूल्यमान्यता, सञ्चालक समिति र लेखा समितिको काम, कर्तव्य तथा जिम्मेवारी, सदस्यसँगको सम्बन्ध, प्रभावकारी बैठक व्यवस्थापन, योजना निर्माण, आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापनजस्ता विषयमा सहजीकरण गरिएको थियो । सो तालिमको सहजीकरण राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत सूर्यप्रसाद रिमालले गर्नुभएको थियो ।

# नेपालगन्जमा सहकारी व्यवस्थापन तालिम सम्पन्न

नेपालगन्ज । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजना तथा हेफर इन्टरनेसनलको वित्तीय सहयोगमा नेपालगन्ज बाँकेमा त्रिदिवसीय सहकारी व्यवस्थापन तालिम सम्पन्न भएको छ । उक्त कार्यक्रममा बाँके जिल्लाका विभिन्न सहकारी संस्थाका सञ्चालक तथा कर्मचारी गरी २७ जनाको सहभागिता थियो । कार्यक्रमको समापनमा सहभागीको तर्फवाट बोल्दै संगिनी सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड शमशेरगञ्ज, बाँकेका सचिव पार्वती खड्काले तालिम निकै फलदायी भएको जानकारी दिँदै कार्यक्रममा सिकेका कुरा लागू गरे संस्था स्थापनाको उद्देश्य सहज रूपमा प्राप्त गर्न सक्ने बताउनुभयो । त्यस्तै, संघर्षशील सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेडका कर्मचारी भूपेन्द्र खड्काले अहिलेसम्म लिएका धेरै तालिमभन्दा निकै राम्रो र फलदायी भएको बताउनुभयो । तालिम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासेको सहजीकरणमा सम्पन्न भएको थियो ।

# सिन्धुलीमा सहकारी व्यवस्थापन तालिम सम्पन्न



सिन्धुली । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजना तथा प्राविधिक सहयोग तथा हेफर इन्टरनेसनलको वित्तीय सहयोगमा दुधौली, सिन्धुली ( होटल रञ्जनाको तालिमहल) मा सहकारी व्यवस्थापनसम्बन्धी ३ दिने तालिम एक कार्यक्रमबीच समापन भएको छ । सिन्धुली जिल्लाका विभिन्न ४ वटा सहकारीका अध्यक्ष, लेखा संयोजक, सचिव, कोषाध्यक्ष, सञ्चालक तथा व्यवस्थापकसहित २१ जनाको सहभागिता रहेको सो ३ दिने कार्यशालामा सहकारीको परिभाषा, सिद्धान्त, मूल्यमान्यता, सञ्चालक समिति र लेखा समितिको काम, कर्तव्य तथा जिम्मेवारी, सदस्यसँगको सम्बन्ध, प्रभावकारी बैठक व्यवस्थापन, योजना निर्माण, आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापनजस्ता विषयमा सहजीकरण गरिएको थियो । तालिम समापनमा सहभागीले सञ्चालक समितिको बैठकमा मासिक लक्ष्य उपलब्धि समीक्षा गर्दै मासिक कार्ययोजना तयार गरेर अगाडि बढ्ने, लेखा समितिलाई सक्रिय गराउने, सहकारीमा सुशासन कायम गर्ने विषयमा प्रतिबद्धता जनाएका थिए । सो तालिमको सहजीकरण राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत सूर्यप्रसाद रिमालले गर्नुभएको थियो ।

---

# गोरखामा सहकारी शिक्षा अभिमुखीकरण तालिम सम्पन्न

गोरखा । पालुङटार-४ स्थित जनभावना सामुदायिक सहकारी संस्था लिमिटेडको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौली शाखाको प्राविधिक सहयोगमा १ दिने सहकारी शिक्षासम्बन्धी अभिमुखीकरण तालिम सिटिइभिटीको सभाकक्ष पालुङटार गोरखामा सम्पन्न भयो ।




उक्त तालिममा केन्द्रीय दुग्ध सहकारी संघका वरिष्ठ उपाध्यक्ष अमरबहादुर कुँवर तथा राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौली शाखाका प्रमुख उपेन्द्र दाहालले तालिमको प्रशिक्षण दिनुभएको थियो । संस्थाका अध्यक्ष दिलबहादुर खत्रीले तालिमको औचित्य स्पष्ट पार्नुभएको थियो । उक्त कार्यक्रम सामाजिक अभिकर्ता रामचन्द्र दवाडीले सञ्चालन गर्नुभएको थियो । पालुङटार नगरपालिकाभरि कार्यक्षेत्र भएको उक्त जनभावना सामुदायिक सहकारी संस्थाको कार्यक्रममा १८ वटा समूहका ७७ जना प्रतिनिधि सहभागी थिए । उक्त सहकारी शिक्षा कार्यक्रममा सहकारी ऐन २०७४, नियमावली २०७५, साथै अन्य सहकारीलाई आवश्यक पर्ने नीतिगत कुराबारे जानकारी प्रदान गरिएको थियो ।

# बर्दियामा सहकारी व्यवस्थापन तालिम सम्पन्न




गुलरिया । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजना तथा हेफर इन्टरनेसनलको वित्तीय सहयोगमा गुलरिया, बर्दियामा त्रिदिवसीय सहकारी व्यवस्थापन तालिम सम्पन्न भएको छ ।

हेफर इन्टरनेसनल नेपालका कार्यक्रम अधिकृत प्रदीप शर्मा र महेश शर्माको आतिथ्यता रहेको उक्त कार्यक्रममा बर्दियाका विभिन्न सहकारी संस्थाका सञ्चालक तथा कर्मचारी गरी २८ जनाको सहभागिता थियो । कार्यक्रमको समापनमा सहभागीको तर्फबाट बोल्दै नकाहा कृषि सहकारी संस्था लिमिटेड बढैयातालका व्यवस्थापक गुणाखर रिजालले तालिम निकै फलदायी भएको जानकारी दिनुभयो । उहाँले कार्यक्रममा सिकेका कुरा लागू गरे सहज रूपमा उद्देश्य प्राप्त गर्न सकिने बताउनुभयो । त्यस्तै, लक्ष्यदीप सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेडका कोषाध्यक्ष लौटी थारूले अहिलेसम्म लिएका धेरै तालिमभन्दा निकै राम्रो र फलदायी भएको बताउनुभएको थियो । तालिम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासेको सहजीकरणमा सम्पन्न भएको थियो ।

---

# घोराहीमा सहकारी व्यवस्थापन तालिम सम्पन्न




दाङ । राष्ट्रिय सहकारी बैंक लिमिटेड नेपालको आयोजना, हेफर इन्टरनेसनलको वित्तीय सहयोगमा दाङको, घोराहीमा त्रिदिवसीय सहकारी व्यवस्थापन तालिम सम्पन्न भएको छ । समापन समारोह बैंकका दाङ शाखा व्यवस्थापन उपसमिति संयोज भरतकुमार बुढाथोकीको अध्यक्षता र जिल्ला सहकारी संघ लिमिटेड दाङका अध्यक्ष गोविन्दप्रसाद शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा प्युठान, सल्यान र दाङ जिल्लाका विभिन्न सहकारी संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, व्यवस्थापक, सहकारी सहजकर्ता तथा परियोजना संयोजक गरी २८ जनाको सहभागिता थियो । तालिम समापनमा सहभागीको तर्फबाट मन्तव्य व्यक्त गर्दै शान्तिकुञ्ज सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड सरुमारानी, प्युठानका सञ्चालक सदस्य रेवान्ता मसांगीले तालिम निकै फलदायी भएको भन्दै खुसी व्यक्त गर्नुभयो । उहाँले तालिमले आगामी दिनमा संस्थालाई व्यवस्थित रूपमा सञ्चालन गर्न सहयोग गर्ने बताउनुभयो । तालिम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासेको सहजीकरणमा सम्पन्न भएको थियो ।

# बाँकेमा सम्पत्ति शुद्धीकरण निवारण तथा कोष व्यवस्थापन तालिम सम्पन्न



बाँके । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय कोहलपुरको आयोजनामा एकदिवसीय सम्पत्ति शुद्धीकरण निवारण तथा कोष व्यवस्थापन तालिम सम्पन्न भएको छ । बैंकका सञ्चालक सदस्य विजया धितालको अध्यक्षता र ५ नम्बर प्रदेश सहकारी संघका अध्यक्ष प्रेम सुवेदीको प्रमुख आतिथ्यतामा शुभारम्भ भएको कार्यक्रममा ५० वटा विभिन्न बाँके तथा बर्दिया सहकारी संस्थाका ५४ जनाको सहभागिता थियो । तालिम शाखा प्रमुख निताकुमारी थापाको स्वागतमा भएको कार्यक्रम सञ्चालन कोहलपुर शाखा कार्यालयका कर्मचारी प्रकाशसिंह कार्कीले गर्नुभएको थियो भने प्रशिक्षक नारायण बेल्वासेको सहजीकरणमा सम्पन्न भएको थियो ।

---

# चितवनमा प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न

चितवन । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा कर्मचारीका लागि सञ्चालित ५ दिने प्रशिक्षक प्रशिक्षण तालिम एक कार्यक्रमबीच सम्पन्न भयो । तालिम समापनको अवसरमा बैंकका लेखा समितिका सदस्य तारा गुरुङले तालिममा सहभागीलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो । बैंकका अधिकृत तहका तथा शाखा प्रमुखसहित २३ जना कर्मचारीको सहभागिता रहेको तालिमलाई नेसनल इन्स्टिच्युट फर लिडरसिप डेभलपमेन्टका प्रशिक्षक उषा मल्ल सिंहले सहजीकरण गर्नुभएको थियो ।



# अन्तर्राष्ट्रिय कार्यक्रममा बैंकको सहभागिता



ललितपुर । सेन्टर फर इन्टरन्यासनल कोअपरेशन एण्ड ट्रेनिङ इन एग्रीकल्चर बैंकिङ ( सिआइसिटिएबी) को आयोजनामा भारतको पुणेमा हुन लागेको 'वुमन डेमलपमेण्ट थ्रु इनकम जेनेरेटिङ एक्टिभिटिज्' मा बैंकले सहभागिता जनाएको छ। २ मार्च २०२० देखि ६ तारिखसम्म भारतको पुणेमा सम्पन्न कार्यक्रममा बैंकको तर्फबाट, बैंकका सदस्य संस्था मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तर्फबाट नरेन्द्रकुमार सिंह, कोतदेवी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तर्फबाट संस्थाको सञ्चालक सदस्य रघु श्रेष्ठ, लेखापाल सरस्वती पाण्डेय तथा कार्यकारी व्यवस्थापक सुमन जिसी, नमुना बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सञ्चालक शिवनारायण यादवले सहभागिता जनाउनु भयो। बैंकको केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रमबीच कार्यक्रममा सहभागिता जनाउन लाग्नुभएका सहभागीलाई बैंकका अध्यक्ष केबी उप्रेतीले बिदाइ तथा तालिममा सिकाइ सफलताको शुभकामना व्यक्त गर्नुभयो।



ललितपुर । एसोसिएसन अफ एसियन कन्फिडेसन अफ क्रेडिट युनियन्स (आकु) को आयोजनामा हुन लागेको क्रेडिट युनियन लेभल अफ एक्सिलेन्स इन गभर्नेन्ससम्बन्धी प्रशिक्षक प्रशिक्षणमा बैंकले सहभागिता जनाएको छ । फेब्रुअरी २४ देखि २८ सम्म थाइल्यान्डको राजधानी बैंककमा सम्पन्न उक्त कार्यक्रममा बैंकको तर्फबाट सञ्चालक विश्वनाथ मण्डल, प्रबन्धक तथा तालिम विभाग प्रमुख रामबाबु आचार्य, प्रबन्धक तथा स्तरीकरण विभाग प्रमुख भरतकुमार चिमरिया, चन्द्रागिरी बचत तथा ऋण सहकारी, चन्द्रागिरी थानकोटका प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठ र महिला बचत तथा ऋण सहकारी, सुनसरी, इटहरीकी लेखा तथा प्रशासन अधिकृत जुनुशा पुरीले सहभागिता जनाउनुभएको थियो । त्यसअघि कार्यक्रमका सहभागीलाई बैंकको कर्पोरेट कार्यालयमा आयोजित एक कार्यक्रमका बीच अध्यक्ष के.बी उप्रेतीले बिदाइ तथा तालिममा सिकाइ सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

# बैंकिङ्ग पहुँच नपुगेको क्षेत्रमा सहकारीको भूमिका

सगरमाथा अञ्चलको हिमाली जिल्ला सोलुखुम्बुको लोखिम गाउँका तामाङ, राई, विक र शेर्पाहरूको प्रधानता रहेको ५८५ घरधुरीलाई आफ्नो कार्यक्षेत्र बनाएर सदस्य केन्द्रीयताका आधारमा वित्तीय शेवा पुऱ्याइरहेको श्री लोखिम कृषि सहकारी संस्था लि., थुलुङ दूधकोसी गाउँपालिका-९, ले गरिब, विपन्न, पिछडिएका महिला तथा जनजातिमा आफ्नो कारोबार विस्तार गर्दै आएको छ। थुलुङ दूधकोसी गाउँपालिकाको लोखिम क्षेत्रमा हालसम्म कुनै पनि बैंक नपुगेको अवस्थामा ग्रामीण क्षेत्रको वित्तीय आवश्यकता पूरा गर्ने भरपर्दो माध्यम बनेको यस सहकारी संस्थाले कृषि उत्पादन, कृषि व्यवसाय, कृषि उद्यम, स्वरोजगार सिर्जना, घरायसी खनखाँचोमा बिनाधितो ७ लाख रुपैयाँसम्मको ऋण आफ्ना सदस्यलाई सरल र सहज माध्यमबाट उपलब्ध गराउँदै आएको छ। परियोजना सञ्चालनका लागि लिइएको कर्जामा संस्थाले परियोजना विस्तृत अध्ययन गरी प्राविधिक सहयोग तथा परामर्श शेवासमेत उपलब्ध गराउँदै आएको छ। मुख्य गरी कृषिमा आश्रित भएर पनि विभिन्न पेसा व्यवसायमा समेत संलग्न रहेका सदस्यहरूको व्यवसाय प्रवर्द्धन र विकासमा संस्थाले आफ्नो स्थापना (वि.सं. २०६५) देखि पारस्पारिकताको आधारमा काम गर्दै आइरहेको छ। संस्थाले पुँजी परिचालनका लागि नियमित मासिक बचत, साधारण बचत तथा सदस्यका बालबच्चाको बाल बचत खाता सञ्चालन गरिरहेको छ। भविष्यका लागि जोहो गरिएको बचत रकममा उच्च प्रतिफल (१२ प्रतिशतसम्म) दिइरहेकोमा संस्थाको लगानीमा हाल सन्दर्भ ब्याजदर सीमाभित्र रही ऋण लगानी गर्दै आइरहेको छ।





संस्थाको आफ्नै भवन छ भने उक्त भवनमा संस्थाले आफ्ना सदस्यका लागि कृषि उपज, बिउ बिजनसमेत खरिद-बिक्री कारोबार गर्ने गरी किराना व्यवसायसमेत सञ्चालन गरिरहेको छ। जसबाट प्रत्यक्ष रूपमा स्थानीय बासिन्दासमेत सेवा प्राप्त गर्न सक्षम छन्। संस्थाले सदस्यलाई आवश्यकता नपर्ने अन्य सेवा सञ्चालन नगर्ने नीति अवलम्बन गरेको छ। संस्थाले आफ्नो कारोबार सञ्चालन गरेर उबार भएको कोठाहरू वडा कार्यालयलाई भाडामा दिई सदस्यहरूको स्थानीय सरकारसँगको दूरी कम गर्नसमेत अहं भूमिका खेलिरहेको छ। संस्था विगतदेखि नै नाफामा रहेको र नाफा रकम सदस्यहरूमा कार्यविधिअनुरूप संरक्षित पुँजी फिर्ता कोष र सदस्य सेयर लाभांश कोषका रूपमा वितरण गर्दै आएको छ भने आफ्नो प्रत्यक्ष/परोक्ष खर्चमा सरकारलाई कर दायित्वसमेत भुक्तान गर्दै आएको छ। संस्था सञ्चालनका लागि नियमित रूपमा सञ्चालक समितिको बैठक बसी आवश्यकतानुरूप नीति तथा कार्यविधि निर्माण गरी लागू गर्दै आएको छ। संस्थामा आगामी वर्ष बदलिँदो परिवेशअनुसार नवीनतम् प्रविधि भित्र्याउने सोचसाथ संस्था लागिपरेको छ। आवधिक रूपमा आन्तरिक लेखा परीक्षण गरी संस्था सञ्चालन र व्यवस्थापनमा आवश्यकता राय, सल्लाह र सुझाव दिँदै लेखा सुपरिवेक्षण समितिले आफ्नो भूमिका निर्वाह गरिरहेको छ। संस्थाले वार्षिक रूपमा नियमित बाह्य लेखा परीक्षण गराई साधारणसभामा उक्त प्रतिवेदन प्रस्तुत गरी सामाजिक लेखा परीक्षणसमेत गराउँदै आएको छ।

संस्थाले राष्ट्रिय सहकारी बैंकसँग नियमित बचत तथा कर्जा कारोबार गर्दै आएको छ। विपन्न वर्ग कर्जाअन्तर्गत बिनाधितो सीमान्तकृत वर्गको आर्थिक, सामाजिक, सांस्कृतिक रूपमा विकास भई उनीहरूको जीवनशैली परिवर्तन भएको छ। संस्था पुनः विपन्न वर्ग कर्जाअन्तर्गत बिनाधितो दिगो सहकारी कर्जाका लागि आवेदन दिएकामा सम्पूर्ण प्रक्रिया पूरा गरी लगानीको चरणमा रहेको छ।